तिनाउ गाउँपालिका, पाल्पा

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८

आर्थिक तथा प्राबिधिक सहयोग
लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठान नेपालगञ्ज बाँके

पेश गर्ने

एडभान्स रिसर्च एण्ड ट्रेनिङ्ग कन्सल्टेन्सी

काठमाण्डौ

सफलताका लागि शुभकामना



कुनैपनि निर्दिष्ट कार्य सम्पादनका लागि कुनैपनि व्यक्ति या संस्थाको लागि क्षमता विकास अपरिहार्य बिषय हो । क्षमता विकासले संस्थामा काम गर्ने मानवस्रोतको क्षमता, भौतिक सुबिधा र ऐन कानुनहरुलाइ समेत समेट्दछ । कामलाइ गुणस्तरीय बनाउँन, स्रोत साधनको समुचित उपयोग गर्न, समयमै कार्य सम्पन्न गर्न र जनमुखि र दीगो कार्यका लागि संस्थागत रुपमा संस्थाको र सम्बन्धित काममा संलग्न हुने व्यक्तिको पर्याप्त बिषय बिज्ञता, आबश्यक क्षमता र स्पष्टता न्युनमत शर्तहरु हुन । नेपालको सन्दर्भमा राज्य पुन संरचना पश्चात केन्द्रिकृत शासन पद्दतिलाइ बिकेन्द्रित गरी प्रदेश र स्थानीय तह स्तरीय सरकारहरु निर्माण भएको कुरा जगजाहेर छ । बिकेन्द्रि शासन पद्दति संगै नवनिर्मित सरकारहरुको दायीत्व, भुमिका, जिम्मेबारी र अधिकारहरु पनि थपिएका छन् । खासगरी स्थानीय सरकारको जिम्मेबारीलाइ सहि ढंगले पुरा गर्न, अधिकारहरुलाइ न्यायोचित रुपमा प्रयोग गर्न, जनमुखि रुपमा दायीत्वहरु निर्वाह गर्न र स्थानीय सरकारको प्रभावकारी भुमिका प्रदर्शन गर्न संस्थागत रुपमा पालिकाहरुको र पालिकामा संलग्न जनप्रतिनिधि, कर्मचारी र सम्बन्धित सरोकारवाला पक्षको क्षमता बिकास आजको टड्कारो आबश्यकता देखिएको छ ।

स्थानीय सरकारहरुले ऐन कानुन तथा प्रावधानहरु तय गर्ने सन्दर्भमा लैंगिक समानता तथा सामाजिक समबेशीकरणलाई क्रसकटिंग सवालको रुपमा अंगिकार गर्ने गरेको देखिन्छ । यो अत्याबश्यक र आधारभुत बिषय पनि हो । लैससास रणनीति, नीति र लैससास परिक्षण मार्फत लैससासलाइ सुदृढ बनाउँने अभ्यास गरेको पाइएको छ । यस गाउँपालिकाले पनि बिभिन्न प्रकृयाहरु अबलम्बन गरी यो रणनीति तर्जुमा गरेको छ, यसको लागि समग्र गाउँपालिका परिवारलाइ हार्दिक धन्यबाद ज्ञापन गर्दछु । नीति, रणनीति बन्छन, तर त्यसको प्रभावकारी कार्यान्वयन गर्न सकिएन भने ती नीति रणनीतिहरुले सार्थकता पाउँदैनन र विकासको अपेक्षित नतिजा हासिल गर्न सकिन्न । यस तिनाउ गाउँपालिकाले यो रणनीतिको प्रभावकारी कार्यान्वयन गरी फलदायी र जनमुखि नतिजा हासिल गर्न सफल रहोस भन्ने शुभकामना समेत व्यक्त गर्दछु ।

गुरुप्रसाद शर्मा
कार्यकारी निर्देशक
प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

शुभकामना

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति तर्जुमा गर्ने क्रममा प्राबिधिक सहयोग प्रदान गर्ने लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठान लगायत सबै व्यक्तिहरु प्रति म आभारी छु । रणनीति योजना तर्जुमा एक उपक्रम थियो, र यसको सम्पन्नतामा सबैले आफ्नो समय, अन्तरदृष्टि र सल्लाहाहरु नदिएको भए सम्भव हुने थिएन । यस कामको लागि खटिएको टोलिले जुन नेतृत्वदायी भुमिका निर्वाह गऱ्यो यसको लागि हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी हाम्रो गाउँपालिकाका उप प्रमुख, वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरुले सक्रिय सहभागिता, गहकिला सुझाव सल्लाहाहरुको प्रस्तुती, अन्तवार्ता तथा आबश्यक तथ्यांक उपलब्ध गराउँनु भयो, यो सबै कामको लागि म सबैलाइ हार्दिकता पुर्वक धन्यबाद ज्ञापन गर्दछु ।

हामी बिच प्रसस्त बिभेद र असमानताहरु छन् । ती सबै कुरा हामीले भोगेका, अनुभव गरेका र असरहरुको सामना गरीरहेको अबस्था हो । असमानता, अबरोध र अवसरहरु पहिचान गरी कार्यक्रम चक्रभित्र समग्र सुधारको लागि सिफारीस गर्न जुन अध्ययन, अनुसन्धान र पहिचान गर्ने काम भएको छ त्यो आफैमा प्रशंसनीय छ । यो रणनीति योजना बहुचरण प्रकृयामा तयार पारिएको छ, जसमा गाउँपालिकाको बिद्यमान अबस्थाको समिक्षा गर्दै र आबश्यक तथ्यांक संकलन गरी प्राप्त तथ्यांक र सुझावहरुलाइ बिश्लेषण एवं समावेश गरी यो रणनीति योजना तर्जुमा गरिएको हुँदा यसको व्यबहारीक पक्ष अत्यन्त वलियो रहेको महशुष भएको छ । गाउँपालिकाको योजना तर्जुमा प्रकृयाबाट नै लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणलाइ प्राथमिकतामा राखि जतिजामुखि र सफल कार्यान्वयनका लागि गाउँपालिका प्रतिबद्ध छ । यस रणनीतिको प्रभावकारी कार्यान्वयन मार्फत गाउँपालिकाको समग्र विकास प्रकृया र प्रयासहरु नागरिकको प्रसंशाको बिषय बन्ने छ भन्ने अपेक्षा पनि लिएको छु ।

ओम बहादुर घर्ती मगर
अध्यक्ष
तिनाउ गाउँपालिका, पाल्पा

मेरो भनाइ

लैंगिक समानता तथा सामाजिक समाबेशीकरण बिश्लेषण गाउँपालिकाको लागि एक महत्वपुर्ण कार्य हो जसले लैससास रणनीति योजना तर्जुमा गर्नमा ठोस रुपमा सहयोग पुऱ्याउँदछ । समग्र विकास प्रकृयालाइ कसरी लैससास मैत्रि बनाउँन सकिन्छ भन्ने कुरा आफैमा महत्वपुर्ण छ । जातजाती, अशक्त, महिला, बालबालिका, जेष्ठ नगारीक, दलित, गरीव र सिमान्तकृतहरुको मुल प्रवाहीकरण र पहुँच अभिबृद्धि बिना कुनै पनि विकासको नतिजाले सामाजिक न्याय गरेको ठहरिदैन । हाम्रो योजना तर्जुमा प्रकृयामा बिद्यमान शक्ति सन्तुलन र निर्णय गर्ने ढाँचामा परिवर्तन गरी महिला, पुरुष, वालबालिका, जातजाती, अशक्त अपांगता, सिमान्तकृत जस्ता वर्गको निर्णायक तहमा भुमिका सुनिश्चित गरी परिवार, समाज र देशको रुपान्तरणमा योगदान गर्न पुर्ण सहभागिता र आत्मा सम्मानको वातावरण बनाउँन जरुरी भैसकेको छ । यस प्रकारको परिवर्तन र परिणामले मात्र देशको भौतिक, मानवीय, बौद्धिक, बित्तिय र सामाजिक विकासलाइ टेवा पुग्दछ ।

हाम्रा सामु उपरोक्त सवालहरु निस्कर्ष बिहिन अबस्थामा छन् जसले विकासलाइ पछाडि धकेलिरहेको छ भने दीगो विकास केवल कल्पानामा मात्र सिमित रहेको देखिन्छ । पुरातनबादि कुसंस्कार र सामाजिक मान्यताहरु ठूला बाधकको रुपमा पहाड झै उभिएका छन् । हाम्रा सामु देखिएका चुनौतिहरुको निराकरण गरी नतिजामुखि रुपमा परिवर्तन गर्न हामीले ठोस कदम चाल्न ढीला भएकै हो । आज भन्दा पनि अरु ढीला गऱ्यौ भने हामीले पश्चाताप गर्नुको विकल्प रहदैन । यसर्थ लैससास मैत्रि विकास सुनिश्चित गर्न र दीगो विकास लक्षलाइ टेवा दिन लैससास रणनीति योजना तर्जुमा गरी सफल र प्रभावकारी कार्यान्वयनको समेत योजना तर्जुमा गर्नु पर्दछ । गाउँपालिका भित्रका सहयोगी हातहरुको पहिचान गरी अर्थपुर्ण परिवर्तका लागि आजैबाट काम शुरु गरौं भन्ने अनुरोध गर्न चाहान्छु ।

दमयन्ती थापा
उपाध्यक्ष
तिनाउ गाउँपालिका, पाल्पा

सन्देश

केन्द्रिकृत राज्य सत्तालाई नगरिकको आवश्यकता अनुसार, नगरिकले चाहे बमोजिम र जनताको सुविधा होस भन्ने मुल उद्धेश्यका साथ सम्पुर्ण संरचना बिकेन्द्रिकृत गरि स्थानीय तहमा समाबेश गरेकोछ । स्थानीय सरकारलाई संविधानमै उल्लेख गरी विभिन्न काम,कर्तव्य र अधिकार प्रदान गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू सहित सुकुम्बासी ब्यवस्थापन गर्न लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सचूना व्यवस्थापन निमन गर्ने कुराहरू उल्लेख गरिएको छ । स्थानीयतहमा योजना तर्जुमा गर्दा वा कुनै पनि परियोजना संचालन गर्दा 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको ठुलो भुमिका हुन्छ । 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको सहि मानेमा उपयोग गर्न सके दिगो विकासका लक्ष्यहरु हासिल गर्न सजिलो हुनेछ । स्थानीय स्तरको माग र आबश्यकतालाई ध्यानमा राखि तिनाउगाउँपालिकाले संचालन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरूका साथै यसको संरचनामा लैससासससँग सम्बन्धित क्रियाकलापहरूलाई एकीकृत रूपमा निर्माण गरी कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८' तयार गरी प्रकाशित गर्न लागेका छौ ।

यो रणनीति तयार गर्ने क्रममा आफ्ना बहमूल्य सुझावहरू सहित निरन्तर सहयोग गर्नुहुने जनप्रतिनिधिहरू, कर्मचारीहरू, वडा बासीहरू, अपाङ्गता भएका व्यक्तिहरू, आमा समूह, युवा समूह, विज्ञ समूह, महिला अधिकार कर्मी तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत अन्य सबै सरोकारवालाहरू तथा परामर्शदाता सबैलाई बधाई तथा धन्यवाद दिँदै यसलाई प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण महानुभावहरू प्रति आभार व्यक्त गर्दछु । यो रणनीति तयार गर्न आर्थिक सहयोग गर्नुहुने प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्विनीप्रदेश र एआरटिसी संस्था, काठमाण्डौ प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख पशासकीय अधिकृत
तिनाउगाउँपालिका, पाल्पा

विषय सूची

१. पृष्ठभूमि : ९

१.१ लैससासका कानुनी प्रवधानः ९

१.२ तिनाउगाउँपालिकाको परिचय :..... ९

१.३. तिनाउगाउँपालिकाको लैससास रणनीति तयारीको उद्देश्यको बिधी तथा प्रकृया : १४

१.४ लैससास परिभाष-मुख्य शब्दावलीहरु १५

२. तिनाउगाउँपालिकाको लैससासको अवस्था र शन्दर्भ बिश्लेषण १८

२.१. तिनाउगाउँपालिको लैससासमा राजनैतिक, आर्थिक तथा सामाजिक पक्षहरु :..... १८

२.२. लक्षित समूहहरुको नक्सांकन् बञ्चितिकरणमा परेका समुदायको अवस्था तथा तथ्यांङ्क :..... १९

२.३ सरोकारवालाहरुको बिश्लेषण : २०

२.४ तिनाउगाउँपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष र कमजोर पक्ष -आन्तरिक) तथा अवसर र बाधा बाह्य पक्ष बिश्लेषण : १९

२.६. पालिकाको आगामी लैससास रणनीतिको लागि लक्षित कार्यक्षेत्र २४

३. रणनीतिको दिर्घकालिन सोंच, लक्ष्य तथा उद्देश्यहरु..... २६

३.१. दिर्घकालिन सोंच :..... २६

सामाजिक समावेशीकरणका माध्यामबाट समृद्ध र समतामूलकसमाजको निमार्ण । २६

३.२.ध्येय :..... २६

३.३. लक्ष्य :..... २६

३.४. मुख्य उद्देश्य : २६

३.५.लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीतिको औचित्यता २७

३.६. मूल्य मान्यताहरु :..... २८

३.७. लैससास रणनीतिक उधेश्यहरु र मुख्य कियाकलापहरु :..... २८

३.८. लैससास मुलप्रवाहिकरण रणनीति कार्यान्वयनको लागि कार्ययोजना :..... २७

३.९. लैससास मुलप्रवाहिकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था : ४०

३.९.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन :..... ४०

३.९.२. गाउँपालिकाको भूमिका : ४०

३.९.३. वडा कार्यालय भूमिका..... ४२

३.९.४.लैङ्गिक सम्पर्क व्यक्ति ४२

३.९.५. स्वास्थ्य शाखा ४३

३.९.६. शिक्षा शाखा ४४
३.९.७.स्थानीय प्रहरी कार्यालय ४४
३.९.८.विकासका साझेदारहरु ४५
३.९.९.गैरसरकारी संस्थाहरु ४५
३.९.१०.गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु ४५
३.९.११. निजी क्षेत्र (उद्योग बाणिज्य संघ, होटल व्यबसायि संघ, यातायात व्यबसायी संघ, सहकारी, बैंक आदि) ४६
३.१०.समुदाय ४६
३.११.सरोकारवाला बिच समन्वय एवं साझेदारी : ४७
३.१२. लैससास रणनीति कार्यान्वयनका लागि स्रोत परिचालन : ४७
३.१३.लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली : ४९
३.१३.१. लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ । ४९
३.१३.२.लैससास अनुगमन तथा निर्देशन समितिको कामकर्तव्य र अधिकार ४९
३.१३.३. वडास्तरको लैससास अनुगमन तथा निर्देशन उप समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ । ५०
३.१३.४. निर्देशन तथा अनुगमन उपसमितिको कामकर्तव्य र अधिकार ५१
३.१३.५. लैससास रणनीतिको पुनरावलोकन : ५१
३.१४. सम्भावित जोखिम तथा न्यूनिकरणका उपपायहरु : ५१
३.१५.नीतिको पुनरावलोकन तथा सुधार ५३

नाम र प्रारम्भ : यस रणनीतिको नाम **लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति २०७८ र**हने छ र यसको प्रारम्भ स्थानीय सरकाले स्वीकृति गरेको मिति देखि हुनेछ ।

१. पृष्ठभूमि :

परम्परागत रुपमा चल्दै आएको नेपालको एकात्मक राज्य प्रणाली लाइ नेपालको राज्य पुनसंरचना पश्चात संघीय, प्रदेश र स्थानीय सरकारकहरुले गर्ने काम र सेवाको सुनिश्चितता सहित बिकेन्द्रि शासन प्रणालीमा रुपान्तरित भएको छ । यसले स्वभाविक रुपमा स्थानीय सरकारको कार्यक्षत्र र कार्यभार बढाएको छ । स्थानीय सरकारको हैसियतले बिभिन्न ऐन कानुन तर्जुमा गरी प्रभावकारी र व्यबस्थित सेवा प्रवाहको जिम्मेबारी र अबिभारा कानुनत निर्दिष्ट गरिएको छ । स्थानीय सरकार संचालनका लागि धेरै प्रकारका ऐन कानुन, नीति नियमावलीहरु तर्जुमा भएका छन् र तीनको कार्यान्वयन पनि गरिएको छ । यति हुँदाहुँदै पनि विकास प्रयासका लागि महत्वपुर्ण ठानिएको लैंगिक समानता तथा सामाजिक समाबेशकिरण सम्बन्धि नीति रणनीति तर्जुमा गर्ने दायीत्वबाट गाउँपालिका चुकेको देखिन्छ ।

लैंगिक समानता तथा सामाजिक समाबेशीकरण बिश्वव्यापी सवाल हो । आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, जातीय तथा लैंगिक रुपमा बिश्वव्यापी भेदभाव चरम उत्कर्षमा थियो । परिणामत पुर्ण सहभागिता, समाबेशीता र मुल प्रवाहीकरणका लागि बिभिन्न आन्दोलन, अभियान र पैरवीहरु पनि भएको हाम्रो इतिहास छ । बिभिन्न महिलाबादी, जातिबादी, धर्मबादि र बर्गीय बिभेदमा परेको वर्गहरुको आन्दोलन, जनदवाव र पैरवीका कारण संसारका धेरै राज्यहरुले लैंगिक समानता र सामाजिक समाबेशीकरणको सवालमा सुधारका कदमहरु चाल्न थाले । बिगतमा जस्तो पुर्ण बिभेदकारी समाज र राज्य बिद्यमानमा नभए पनि, केही सुधारात्मक कदम चालिएको भएता पनि पुर्ण रुपमा बिभेधको अन्त्य भयो भन्न सकिने अबस्था छैन । तुलनात्मक रुपमा नेपाल अझै बिभेदै बिभेदले भरिएको देश हो । सति प्रथा, छुवाछुत जस्तो कठोर र अमानवीय सामाजिक कुसंस्कारबाट केही तंग्रिएको अबस्थामा नेपाल घस्रिरहेको छ । आर्थिक तथा शैक्षिक बिभेद पनि नेपालमा जरा गाडेर बसेको बिभेदको रुपमा लिन सकिन्छ । नेपालको परिप्रेक्षमा बिगत कहालि लाग्दो भए पनि बर्तमान भने निकै आशालाग्दो अबस्थामा हामी पुगेका छौ । बिश्वव्यापी माहोल, समयको माग, प्रबिधिको विकास र शसक्तिकरणका कारण लैंगिक समानता तथा सामाजिक समाबेशीकरणमा धेरै सुधारात्मक अभ्यासहरु भए र परिणाम पनि आशा लाग्दो देखिन्छ । लैंगिक समानता तथा सामाजिक समाबेशीकरणलाइ सुदृढ गर्ने उद्धेश्यले नेपालमा संरचनागत तथा संस्थागत रुपमा धेरै सुधारात्मक कदमहरु चालिएका छन् । स्रोत, साधन तथा सार्वजनिक सेवामा पहुँच बढाउँन, राज्यको हरेक संरचना तथा निर्णय प्रकृया एवं सो को कार्यान्वयनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको उत्थान, विकास र सशक्तिकरण लगायत सामाजिक सुरक्षाका लागि विभिन्न कार्यक्रमहरु संस्थागत रुपमा संचालन भएका छन् ।

१.१ लैससासका कानुनी प्रावधानः

१.१.१ नेपालको संबिधानले गरेको संवैधानिक व्यवस्था

- नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । संविधानको धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक समावेश गरेको छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसा जन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने कुरा उल्लेख गरिएको छ ।
- राज्यका सबै निकायमा महिला तथा पछाडी परेका समुदाय र समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गरिने हक हुने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हकहुने व्यवस्था समेत गरेको छ ।
- यसैगरी संविधानको धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ ।
- संविधानको धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ ।
- दशौं योजना (२०५९-२०६४) मा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण

अवधारणालाइ अन्तर सम्बन्धित विषय (Cross Cutting Issue) का रुपमा स्थान दिइएको छ । आ.ब. २०६४/६५ देखि नेपाल सरकारका सबै मन्त्रालयबाट लैंगिक उत्तरदायी बजेट प्रणालको अभ्यास हुँदै आएको छ ।

- चौधौ त्रीवर्षीय योजना (२०१६/१७-२०१८/१९) मा पुर्ण समाबेशीकरण मार्फत सिमान्तकृत वर्गको मुलप्रावहीकरण गर्ने र दीगो विकास लक्ष्यमा योगदान गर्ने उद्धेश्य राखिएको थियो । लैंगिक समानता तथा सामाजिक समाबेशीकरण (६.१.१) मा क्रसकटिङ्ग सवाल भनिएको छ । आर्थिक सुचाकांकमा पछाडि पारिएको वर्गको पुर्ण समावेशी विकासका लागि नागरिक सहभागिता, बिचार अभिव्यक्त र मानव विकासमा सुधार ल्याउँने लक्ष्य लिएको छ ।
- पन्ध्रौ योजना (आर्थिक बर्ष २०७६/७७-२०८०/८१) को आधार- पत्र तर्जुमा गर्दा संबिधानमा व्यवस्था गरेका मौलिक अन्तराष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा व्यक्त प्रतिबद्धताहरुलाई केन्द्रमा राखेको छ । यसका साथै नेपाल सरकारले "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोच (Vision) पुरा गर्न आउदो २५ बर्षका लागि एक दीर्घकालीन सोच तयार गरेको छ । उक्त सोच प्राप्त गर्ने आधार योजनाको रुपमा पन्ध्रौ योजना तर्जुमा गरिएको छ । यहि तथ्यलाई ध्यानमा राखी लैंगिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागितामा सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएको छ ।

१.१.२ स्थानीय सरकार संचालन ऐन :

- स्थानीय सरकार सञ्चालन **ऐन २०७४** को दफा ११ मा उल्लेख गरिए बमोजिम नगरपालिकाको काम, कतर्व्य र अधिकार अर्न्तगत विभिन्न बुँदाहरुले जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति र अशक्तहरु सहित सुकुम्बासी ब्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कायक्रम, स्रोत परिचालन र ब्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना ब्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना ब्यवस्थापन र नियमन गर्ने कुराहरु उल्लेख गरिएको छ ।

- ऐनको दफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कतर्व्य र अधिकार अर्न्तगत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली

अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ ।

- उक्त ऐनले वडा भित्र बालविवाह, बहु-विवाह, लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडि, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्व समेत सुम्पेकोछ ।

१.१.३ दिगो विकास लक्ष्य

- दिगो विकास लक्ष्यका पाँच स्तम्भ अन्तर्गत स्तम्भ २ को मानव अन्तर्गत सबै प्रकारका गरिवी र भोकमारीको अन्त्य गर्ने र मर्यादा एबम् समानता कायम गर्ने उल्लेख छ ।
- त्यसैगरी स्तम्भ ४ मा शान्तिपुर्ण, न्यायसंगत र समावेशी समाजको निर्माण गर्ने कुरा उल्लेख छ ।
- प्रमुख १७ लक्ष्यहरु अन्तर्गत लक्ष्य नं. १ मै सबै ठाउँमा सबै प्रकारको गरिवी अन्त्य गर्ने कुरा उल्लेख छ ।
- लक्ष्य नं. ३ मा सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रबर्द्धन गर्ने बिषय राखिएको छ ।
- लक्ष्य नं. ११ मा शहर तथा मानव बसोबासलाइ समाबेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउँने भनिएको छ ।
- त्यसैगरी लक्ष्य नं. १६ मा दिगो विकासको लागि शान्तिपुर्ण र समाबेशी समाजको प्रबर्दन गर्ने, सबैको न्यायामा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने कुराको व्यवस्था गरिएको छ ।
- दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य नं. ५ मा लैंगिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाइ सशक्त बनाउँने भन्ने कुरा स्पष्ट रुपमा उल्लेख भएको

हुँदा नेपालले पनि सन् २०३० सम्ममा पुरा गर्ने सुचकहरुमा यो लक्ष्य नं. ५ पनि प्राथमिकतामा पर्दछ ।

१.२ तिनाउगाउँपालिकाको परिचय :

साविकका कचल, दोभान, कोलडाँडा र मस्याम गावडामा विभाजन ६मिलाएर .स.वि. गरिएको तिनाउ गाँउ पालिका २०२ वर्ग किक्षेत्रफल.मि., ३९८८ घरधुरी, १९,२३८ जनसंख्या रहेकोमा मगर जाति ७५दलित % जाति १२%,तथा वाहुन, क्षेत्री, नेवार, गुरुङ्ग, कुमाल, थकाली लगायतका अन्य जाति १३%, र १ घरधुरी लोपोन्मुख पत्थरकट्टाजाति सहितको पौराणिक इतिहास बोकेको पाल्पा जिल्लाको (कुशवाडिया) प्रशिद्ध तिनाउ नदीको नामबाट नामाङ्कित यस तिनाउ गाउँपालिका सुन्दर वातावरणमा रहेको छ । पाल्पा जिल्लाको सदरमुकाम तानसेन बाट दक्षिण पश्चिममा पर्ने तिनाउ गाँउपालिका जिल्लाकै महत्तवपूर्ण गाँउपालिका हो । यस गाँउपालिकाको पूर्वमा माथागढी गाँउपालिका, पश्चिममा रैनादेवी छहरा गाँउपालिका, उत्तरमा तानसेन नगरपालिका र रिब्दीकोट गाँउपालिका तथा दक्षिणमा रुपन्देही जिल्लाको बुटवल उप महानगरपालिका र सैनामैना नगरपालिकासँग जोडिएको छ । प्रसिद्ध सिद्धबाबा मन्दिरको काखमा रहेको सिद्धार्थ राजमार्गले बिचबाट काटेको शहरी केन्द्रको रुपमा स्थापित हुन गइरहेको यस तिनाउ गाउँपालिकामा सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभूत सेवा सुविधामा वृद्धि गर्दै गाउँको छुट्टै पहिचान कायम गर्नुपर्ने देखिन्छ ।पाल्पा जिल्लामा अवस्थित तिनाउ नदीको फराकिलो क्षेत्र, समथर कृषि मैदान, हरियाली वनजङ्गल, जन्तिलुङ्ग, रिङसिङलेक, पाटन, ठुलिउदाङ, हात्तिलेक, सत्यवतीताल, सुकेताल, जितगढी, नुवाकोट, रामापिथेकस क्षेत्र, सिद्धवावा मन्दिर जस्ता प्राकृतिक, धार्मिक तथा पर्यटकीय क्षेत्रहरुबाट प्रचुर सम्भावना रहेको, समग्र जिल्लाको आर्थिक, सामाजिक, धार्मिक, पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण रहेको छ ।

१.२.१. जातजाती तथा बसोबासको अबस्था

यो गाउँपालिका पाल्पा जिल्लाको पश्चिम दिक्षणको चुरे क्षेत्रमा पर्दछ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस पालिकामा ७५५ मगर, १२५ दलित र १३५ अन्य जाताजतीको घरसंख्या रहेको छ । यस गाउँपालिका भित्र ८४ वटा सामुदायिक वन, १९ वटा सहकारी संस्था, ९ वटा माद्यमिक बिद्यालय, ३० वटा आधारभुत विद्यालय, एउटा क्याम्पस, ४ वटा स्वास्थ्य चौकी, ८वटा स्वास्थ्य इकाइ, एउटा प्रहरी चौकी, २ वटा बैंक जस्ता धेरै संघसंस्थाहरु कार्यरत छन् । तिनाउ गाउँपालिका चुरे पर्वत श्रृङ्खला र दक्षिण तिर समथर भावर तराइ क्षेत्र पर्दछ । जलवायुको हिसाबले यस गाउँपालिका उष्ण प्रकारको हावापनी रहेको छ । उष्ण प्रदेशीय हावापानी पाइएतापनि बाह्रै महिना एकौनासको हावापानी हुँदैन । चैत्र महिनादेखि आश्विनकोसुरुसम्म गर्मी हुन्छ । अश्विन, कार्तिक र फाल्गुणमा याहाँको हावापानी समशितोष्ण हुन्छ। मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । गर्मी याममा यहाँको तापक्रम ३६.४ डिग्रिसम्म पुग्छ भने जाडो याममा २.५ डिग्रि सम्म पनि ताफम झर्छ । वडा अनुसार जनसंख्या विवरण यस प्रकार रहेको छ ।

वडा नं.	घर संख्या	पुरुष	महिला	जम्मा

१	८३५	२३०७	२१४७	४४५४
२	८१८	२१६४	२०२१	४१८५
३	६२८	१८१७	१७१६	३५३३
४	३६४	१२८७	११८९	२४७६
५	५८९	१८३१	१७३७	३५६८
६	८५७	२२६४	२०६५	४३२९
जम्मा	४०९१	११६७०	१०८७५	२२५४५

१.२.२ भु उपयोग तथा वातावरण

प्राकृतिक सम्पदाको हिसावले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर भूमिको धनी गाउँपालिका हो । यस क्षेत्रमा करिव १७.६ प्रतिशतजमिन खेतीपातीको लागि यग्य मानिन्छ । ५.६ प्रतिशत जल क्षेत्र, १२.६७ प्रतिशत जमिन वनजंगल र ६४.८ प्रतिशत जमिन अन्य क्षेत्रले ओगटेको छ । गाउँपालिकाको प्रमुख खाद्यन्न बालीहरुमा धान, गहुँ, मकै, तोरी आदी हुन् ।

१.३. तिनाउगाउँपालिकाको लैससास रणनीति तयारीको उद्देश्यको बिधी तथा प्रकृया :

लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट प्राप्त कार्यबिवरण (TOR), दिग्दर्शन र लैससासरणनीति तर्जुमाका लागि अबलम्बन गर्नु पर्ने बिभिन्न विधि तथा प्रकृयाहरु अबलम्बन गरी यो तिनाउगाउँपालिकाको पाँच बर्षे लैससास रणनीति योजना तर्जुमा गरिएको छ । लैससास रणनीति योजना तर्जुमाका लागि आबश्यक पर्ने सुचना संकलन, सुचना बिश्लेषण र व्यबस्थापन गर्न, रणनीति योजना तर्जुमा गर्न, पालिकाका जनप्रतिनिधि र कर्मचारीहरु एवं सम्बन्धित सरोकारवालाहरुको राय सुझाव तथा सहमति प्राप्त गर्न बिभिन्न आबश्यक बिधि तथा प्रकृयाहरु अबलम्न गरियो । मुख्य रुपमा तपलिशमा उल्लेखित बिधि तथा प्रकृयाहरु अबलम्बन गरी कार्य सम्पादन गरिएको छ ।

<u>बिधि तथा प्रकृयाहरु</u>

- सन्दर्भ सामग्रीको अध्ययन (बिद्यमान ऐन कानुन र प्रावधानहरु, पालिकाले तर्जुमा गरेका लैससास संग सम्बन्धित कानुन तथा नियमहरु, बजेट बक्तव्य, बार्षिक प्रतिबेदनहरु आदि)

- तथ्याङ्क संकलन, विश्लेषण र तथ्यांक व्यबस्थापन (डेस्क रिभ्यु, लक्षित समुह छलफल, व्यक्तिगत अन्तरबार्ता, बिभिन्न शाखामा काम गर्ने कर्मचारीहरुसंग अलग अलग छलफल आदि)

- बैठक तथा कार्यशाला गोष्ठि संचालन (प्रारम्भिक बैठक र कार्यदल गठन, दुइ दिने कार्यशाला गोष्ठि संचालन, मस्यौदा प्रतिबेदन प्रस्तुत र पृष्टपोष्ण संकलन, अन्तिम प्रतिबेदन प्रस्तुत)
- लक्षित समुह छलफल, व्यक्तिगत अन्तरबार्ता र समुह छलफलहरु
- अन्तिम प्रतिवेदन पेश (गाउँपालिका र लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा)

१.४ लैससास परिभाष-मुख्य शब्दावलीहरु

१. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा

ख)**"स्थानीय तह"** भन्नाले तिनाउगाउँपालिका,।

ग)"**योजना**"भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

घ)**"सामाजिक वञ्चितीकरण"** भन्नाले औपचारिक नियम, ऐन, कानुन आदि तथा परम्परा देखि चलि आएको अनौपचारिक मुल्यमान्यता बमोजिम लिङ्ग, जात जाति, धर्म आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएका अवस्थालाई सम्झनु पर्छ ।

ङ)**"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निमार्ण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चितालाई सम्झनु पर्छ ।

च)**"लैंगिक समानता तथा सामाजिक समावेशी सम्पर्क व्यक्ति"** भन्नाले गाउँपाकिको **लैंगिक समानता तथा** समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

छ)**"सामाजिक समावेशी बजेट"** भन्नाले विभिन्न,जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने

बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिचिश्चता र उपलब्धिको समता मुलक वितरण र उपभोग हुनेगरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

ज) **लैंङ्गिकता** : कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैंगिक अल्पसख्यक भएका कारण समाजद्वारा उनीहरुलाई दिइने भूमिका, व्यवहार र उनीहरुलाई हेर्ने दृष्टिकोण हो ।

झ) **लैंङ्गिक मूलप्रवाहीकरण** :पालिकाको कुनै पनि योजनाबद्ध कार्य, बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति नियम, कार्यक्रम कार्यन्वयनको , बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक क्षेत्र तथा तह र तप्कामा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरण हो ।

ञ) **लैंङ्गिक संवेदनशिल** : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष रयौनिक तथा लैगिक अल्पसंख्यक हरका रुका विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु हो ।

ट) **लैङ्गिकमैत्री**: समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक लैगिक अल्पसंख्यक अल्पसंख्यकका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकता पुर्ण व्यवहार हो ।

ठ)**"लैङ्गिक प्रभाव विश्लेषण"** भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कत्तिको लाभान्बित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

ड) **"लैङ्गिकउत्तरदायीतथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बाल-बालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागिता मूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्य मूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्दछ ।

ढ) "**लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण**" भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुष बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट

र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ ।

ण)**"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एवम् एच.आई.भि.संक्रमित व्यक्ति तथा अन्य सीमान्तकरणमा परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

त)**"गरिबी नक्शाङ्कन"** गरिबी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमाबसो बास गर्ने घर परिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Specific Distribution) बारे थाहापाउन प्रयोग गर्ने विधिलाई सम्झनु पर्दछ ।

थ) **"लक्षितवर्ग/समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

द)**''स्थानीयकरण''** भन्नाले कुनै पनि बिषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एवम् अधिकतम् उपयोग गर्ने प्रक्रिया सम्झनु पर्दछ ।

ध)**''बञ्चित समुह''** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी,जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग,जेष्ठ नागरीक, बाल-बालिका एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

न)**''अल्पसंख्यक''** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

प)**''सीमान्तीकृत''** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति-सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

२. तिनाउगाउँपालिकाको लैससासको अवस्था र शन्दर्भ बिश्लेषण

२.१. तिनाउगाउँपालिको लैससासमा राजनैतिक, आर्थिक तथा सामाजिक पक्षहरु :

यस गाउँपालिकाको राजनैतिक, आर्थिक तथा सामाजिक पक्षको बिश्लेषण तथा विबेचना गर्दा निम्न अबस्था बिद्यमान रहेको निस्कर्ष निकालिएको छ ।

- राजनैतिक तथा सामाजिक हिसावले यस गाउँपालिको वर्तमान अवस्थालाई हेर्दा महिला, दलित र जनजातिहरुको सहभागीता सुधारात्मक भएतापनि अपेक्षाकृत सन्तोषजनक छैन ।
- राजनीतिक दलमा लैससास लक्षित बर्गहरुको नेतृत्व स्थिति नगण्य छ । यसले के देखाउछ भने अपांङ्गता, बिपन्न बर्गलाई राजनैतिक रुपमा अगाडी आउन अझै थुप्रै चुनौतिहरु छन् ।
- खर्चिलो राजनीतिक संस्कारका कारण बिपन्न समुदाय राजनीतिमा नआउने जोखिम बढाएको छ । दलित, अपांङ्गता भएका समुदायले आफै अग्रसरता देखाउन नचाहानु पनि समस्याको रुपमा रहेका छ । त्यस्ता बर्ग तथा समुदायलाई राजनीतिक सचेतनाको अभाव देखिन्छ भने उनिहरु माथि अझै पनि राजनैतिक बिभेद कायमै छ ।
- आर्थिक रुपले कमजोर घरपरिवार तथा व्यक्तिहरुलाइ लक्षित गरी शिक्षा, स्वाथ्य, रोजगारी, आय आर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको अबस्था छ । यसर्थ त्यस्तो वर्गको जीवन स्तर सुधारमा गाउँपालिका सम्बेदनशिल देखिन्छ ।
- यस पालिकामा कृषि र पशुपालन पेशा अंगाल्ने घरपरिवारको संख्या उच्च रहेको हुनाले सरकारी वा गैह्रसरकारी संघ संस्था वा निजी क्षेत्र र पालिका बिच सहकार्य गरी अल्पकालिन वा दीर्घकालिन योजनाहरु संचालन गर्दा कृषि तथा पशुपालन क्षेत्रमा उल्लेख्य सुधार भै गरीवी निवारणमा योगदान पुग्ने देखिन्छ जसका लागि गाउँपालिकाले प्रयासहरु गरेको छ तर पर्यापत छैन ।
- गाउँपालिका क्षेत्रभित्रका सबै वर्ग, लिङ्ग, जातजाती, उमेर समूह र अवस्थाका समुदायको स्रोत तथा लाभ प्राप्तीमा समतामूलक पहुँच सुनिश्चित गर्न आबश्यक छ, त्यसको लागि सुशासनको प्रभावकारी कार्यान्वयनबाट विद्यमान लैंङ्गिक बिभेद, घरेलु हिंसा, लैंगिक हिंसा, बाल हिंसा, बालबिबाह, जातीय बिभेद तथा बिभिन्न सामाजिक विभेदहरुको अन्त्य गरी सामाजिक न्यायमा आधारीत समाज निर्माणका लागि नीतिगत रुपमा नियमन गर्न आजको जरुरी विषय छ ।
- गाउँपालिकामा जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीयतहसँग भएको सम्झौता अनुसार शिक्षा, स्वास्थ्य, रोजगारी र नेतृत्व बहन जस्ता आर्थिक, सामाजिक र राजनैतिक अवसरहरुमा महिला, दलित

तथा पछाडी पारिएका बर्ग समुदाय र ब्यक्तिको समानुपातिक प्रतिनिधित्वलाइ अझ प्रभावकारी बनाउँन थप प्रयासहरु आबश्यक छ ।

- गाउँपालिकाबाट लैंगिक समानता तथा सामाजिक समाबेशीकरण विकास लगायत गरिवी न्यूनीकरण क्षेत्रमा केही सकारात्मक प्रयासहरु अवलम्वन गरिएका छन् । तर यसको प्रभावकारीता र निरन्तरताका लागि नीतिगत ब्यबस्था सहित विकास प्रक्रिया थालनी गर्नु आबश्यक देखिन्छ । सुशासनको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिका क्षेत्रभित्रका सबै वर्ग, लिङ्ग, जातजाती, उमेर समूह र अवस्थाका समुदायको स्रोत तथा लाभ प्राप्तीमा समतामूलक पहुँच सुनिश्चित गर्न आबश्यक छ ।

२.२. लक्षित समूहहरुको नक्सांकन् बञ्चितिकरणमा परेका समुदायको अवस्था तथा तथ्यांङ्क :

यस नगरपालिकामा दलित, जनजाती, एकल महिला, उपेक्षित वर्ग, अशक्त अपांगता भएको व्यक्ति, सेवा स्याहार गर्ने परिवारका अन्य सदस्य नभएको बृद्धबृद्धा र गरीव वर्ग लाइ सिमान्तकृत वर्गको रुपमा परिभाषित गरिएको पाइन्छ । यस नगरपालिकाका प्राय सबै वडाहरुमा यस्ता वर्ग तथा समुदायको बसोबास रहेको देखिन्छ । उनीहरु यातायात, शिक्षा, स्वास्थ्य र रोजगारीको प्रत्यक्ष पहुँचबाट टाढा रहेको अबस्था छ । यसर्थ उनीहरुलाइ विकास र सार्वजनिक सेवाहरुमा मुलप्रवाहीकरण गर्न सकिएको छैन । सर्वप्रथमत यस नगरपालिका भित्र लैससासका लक्षित वर्गहरुको यकिन् र खण्डिकृत तथ्यांङ्क संकलन र अध्यावधिक गरेको पाईदैन यद्दपी, पालिकाले लक्षित बर्गहरुका लागि बिभिन्न कार्यक्रमहरुमा बजेट बिनियोजन गरी उनिहरुलाई फाईदा पुऱ्याउने हेतुले कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रयास भएको देखिन्छ । यस सम्बन्धमा नीतिगत प्रावधानको अभावका कारण कार्यक्रमहरु स्पष्ट र नतिजामुखी हुन सकेका छैनन् । यसर्थ लैससास नीति, रणनीति तर्जुमा गरी व्यबस्थित रुपमा विकास प्रयासहरु सुनिश्चित गर्न हाल लक्षित वर्गको अवस्था पहिचान गर्ने प्रयास गरिएको छ ।

२.३ सरोकारवालाहरुको विश्लेषण :

यस पालिका भित्र र स्थानीय स्तरमा बिभिन्न संघसंस्थाहरु कार्यरत रहेका छन् जसले लैससास विकास र प्रबर्द्धनमा उल्लेखनीय सहयोग गर्न सक्छन् । पालिका भित्र रहेका सहकारी, लघुबित्त वितीय संस्था, बैंक, ब्यापार संघ, रानीतिक दलहरु, बिभिन्न संजालहरु, समन्वय समितिहरु, विकास साझेदारहरु, बिद्यालयहरु, वडा कार्यलय, स्वस्थ्य संस्थाहरु र बिभिन्न संघसंस्थाहरु, टोल विकास संस्थाहरु, बर्गिय संगठनका संघ महासंघहरु, सहकारी संसहरु, सामुदायीक बचत समुहहरु, साथै स्वास्थ्य संयम् सेविकाहरु यसका मुख्य सरोकारवाला निकायहरु रहेका छन् । उपरोक्त सरोकारवालहरु संग समन्वय गरी प्रभावकारी सहकार्य गर्ने उचित वातावरण बनाउँन आबश्यक देखिन्छ । यसो गर्न सकिएमा छरिएर गरिएका प्रयासहरुलाई एकतृत गरी आवश्यक्ताका आधारमा सबै पक्ष र क्षेत्रबाट सामूहिक कार्यगत एकताले लाभान्वित बर्गलाई बढी फाईदा पुऱ्याउन सकिन्छ । सरोकारवालाहरुको अपेक्षित भुमिका, उनीहरुले लैससास रणनीति कार्यान्वयनमा गर्न सक्ने सहयोग तथा भुमिका आदि सम्बन्धमा यसै प्रतिबेदनको ३.९ मा बिस्तृत रुपमा उल्लेख गरिएको छ । यस खण्डमा उल्लेखति सरोकारावाला तथा सहयोगी निकायहरु पालिकाको तत्परता, इच्छाशाक्ति र साझेदारीताको आधारमा बढाउँदै लैजान सकिन्छ ।

२.४ तिनाउगाउँपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष र कमजोर पक्ष -आन्तरिक) तथा अवसर र बाधा बाह्य पक्ष बिश्लेषण :

कार्यशालामा लैससास सम्बन्धमा तिनाउगाउँपालिकाको अबस्था बिश्लेषण (सवल पक्ष, कमजोर पक्ष, अबसरहरु र वाधाहरु) गरियो । तलको टेवुलमा अबस्था बिश्लेषणको बिस्तृत विवरण उल्लेख गरिएको छ ।

सवल पक्ष	• एकल महिलाको आयआर्जनका लागि बाख्रा वितरण • अपांगता भएका व्यक्तिहरुको सहज जीवन यापनका लागि सहयोगी सामाग्रिहरु वितरण । • उपप्रमुख संग महिला कार्यक्रम • जनजातीको संस्कृति संरक्षणका लागि साँस्कृतिक कार्यक्रम संचालन • नीति तथा कार्यक्रममा लैससासको सम्बोधन । • लक्षित बर्गको लागि कानुन तथा कार्यबिधिहरुको निमार्ण र कार्यान्वयन । • लक्षित वर्गका लागि बजेट बिनियोजन र कार्यान्वयन । • लक्षित वर्ग मैत्री (महिला, जेष्ठ नागरिक, बालबालिका, अशक्त अपांगता भएका व्यक्ति) भौतिक संम्रचनाको निर्माणका लागि बजेट बिनियोजन र कार्यान्वयन । • महिला, अशक्त र दलित लक्षित सिपमुलक, रोजगारमुलक कार्यक्रम

	तथा क्षमता विकास तालीम । ● जेष्ठ नागरिकहरुलाइ न्यानो कपडा वितरण । ● सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गरिएको । ● गर्भ जाँच, सुत्केरी भत्ता र १००० दिनका आमाहरुलाइ कुखुराको चल्ला वितरण । ● समतामुलक विकासमा प्रयास गरिएको ।
कमजोर पक्ष :	● लैससास नीति तर्जुमा गरिएको छैन । ● लेससास संग सम्बन्धित खण्डिकृत तथ्यांक छैन । यस पालिका भित्रका लैससासका लक्षित वर्गको अवस्था कस्तो छ ? कति संख्यामा छन् ? भन्ने यकिन् तथ्याङ्क उपलब्ध छैन । ● लैससास सम्बन्धमा पालिकाका जनप्रतिनिधि र कर्मचारीहरुमा पर्याप्त ज्ञान, सीप, क्षमता नहुनु । ● लैससास सम्बन्धमा भए गरेका कामहरु र उपलब्धिहरुलाइ मापन गरी गुणात्मक तुलना गर्ने व्यबस्था र परिपाटि नहुनु । ● पर्याप्त मात्रमा जनचेतना अभिबृद्धि, छलफल र बिश्लेषण गर्ने अभ्यास गरिएको छैन ।
अवसर :	● संविधान, ऐन, कानुन् बिभिन्न निर्देशिकाहरु, नियमावलीहरु र रणनीति योजनाहरुले निर्दिष्ट गरेकोले यस क्षेत्रमा काम गर्न अवसर छ । ● लक्षित बर्गहरुको सचेतनाको स्तर बिस्तारै बढीरहेको छ , संघ, प्रदेश सरकारकोसंगको सम्बन्ध बलियो छ । ● बिभिन्न संघ संस्थाहरुसँग सहकार्य गर्ने रणनीति लिईएको छ, स्थानीय स्तरमा नै स्रोत व्यक्तीहरु उत्पादन भईरहेको छ साथै लैससास सवालले महत्व पाउदै जानु गाउँपालिकाका लागि अवसर हुन् ।
बाधा	● परम्परा देखि चलिआएका संस्कार, संस्कृति अथवा बिभिन्न खालका बिभेदहरु तथा नकारात्मक मुल्यमान्यताहरुले अझै पनि समाजमा प्रभाव पारिरहनु ● सिमित स्रोत साधनले सबै पक्षलाई समेट्नु पर्ने अवस्था रहेको छ । ● भौगोलिक बिकटता, छरिएको बस्ति ।

:

२.५. पालिकाका लैससासका प्रमुख सवालहरु

सुचना संकलन, विश्लेषण, लक्षित समुह (महिला, दलित, जनजाती, गरिव, अपाङ्गता भएका, जेष्ठ नागरिक, अल्प संख्यक) र व्यक्तिगत अन्तरबार्ता समेतको निस्कर्षलाई हेर्दा पालिकामा लैससास सम्बन्धि निम्न अनुसर प्रमुख सवालहरु रहेको पाइन्छ ।

प्रमुख सवालहरु	प्रभाव
लक्षित वर्ग पहिचान	पालिकामा एकिकृत र खण्डिकृत खासगरी लैससासलाई सम्बोधन गर्ने तथ्यांककै अभाव छ । लक्षित वर्ग (दलित, जनजाती,गरीव, अपाङ्गता भएको, बालबालिका) को एकिन गर्न सकिने तथ्यांक छैन । कसलाई के सुविधा दिनु पर्छ, के योजना बनाउँनु पर्छ, कस्तो नतिजा हासिल गर्ने भन्ने बारेमै स्पष्टता छैन ।
पहुँच अभिबृद्धि	लैससास लक्षित वर्गको पहिचान गर्ने । हाल उनीहरुले पाएको सेवा सुविधा र पहुँच विश्लेषण गर्ने । के कुरा र कस्तो बिषयमा ग्याप विश्लेषण हुन्छ, त्यस्तो ग्याप रहन नदिन आवश्यक योजना सहित पहुँच अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने । आदि बिषयहरुकै अभाव छ । यसकारण ठोस योजना बनाउँन कठिनाइ भैरहेको छ ।
अर्थपुर्ण सहभागिता	योजना तर्जुमा, योजना माग, योजना पहिचान लगायत निर्णायक भुमिकामा स्थान सुनिश्चित गर्नु पर्ने हुन्छ । यस सम्बन्धमा प्रभावकारी सहभागिताको लागि थप प्रयासहरु गर्नु पर्ने देखिन्छ ।
लैंगिकतामा आधारित हिंसा	महिला तथा बाल-बालिका माथि हुने सबै प्रकारको हिंसा, छुवाछुत, बेचबिखन, घरायसी कामकाज, गरिवी सम्बन्धी खण्डीकृत तथ्यांकको अभाव रहेको छ कतिपय हिंसाजन्य घटनाहरु समुदाय स्तरमै दवावमा मेलमिलाप गर्ने गरेको जसले गर्दा हिंसा दविएर बसिरहेको हुन सक्ने अवस्था ।
आधारभुत सुबिधामा समस्या तथा पहुँचमा	महिला, दलित, आदिवासी जनजाति,उत्पीडित वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक,

कमि	लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका महिला, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवामा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा पर्याप्त लगानिमा अभाव ।
आर्थिक तथा समाजिक अवस्था	लैससास लक्षित वर्गको विकास, न्याय, आत्मा सम्मानको कमीका कारण उनीहरुको आर्थिक तथा समाजिक अबस्था कमजोर रहेको छ । उनीहरुको हक हित र विकासका लागि ठोस कार्ययोजना र कार्यान्वयन पद्धति छैन ।
पारदर्शी र सुशासन	लैससासका लागि भए गरेका कार्यहरुको पारदर्शिताका लागि आबश्यक बिधि र प्रकृया अबलम्बन गर्न नसक्दा प्राप्त उपलब्धि र प्रयासहरु कम प्रभावकारी देखिएको छ ।
लैससास परीक्षण	बार्षिक रुपमा लैससास परिक्षण गर्ने । परिक्षणले औल्याएका सवल पक्षलाइ बढाउँदै लैजान र कमजोर पक्षको सुधार मार्फत सुदृढ लैससास अवस्था सृजना गर्न आबश्यक रणनीति अख्तियार नगर्दा लैससासको पहिचान हुन सकेको छैन ।
प्रविधि	लैससासमा भए गरेका गतिविधिहरु बारेमा जान्न बुझ्न र विश्लेषण गर्न नसकेको अवस्थामा कसले के सेवा सुविधा पायो, पहुँच र क्षमता अभिबृद्धिमा कति प्रगति भयो आदि बारे जानकारी हुन नसक्दा सधैं अविश्वास र द्धन्द्धको अवस्था बारम्बार आउने गरेको देखिन्छ ।
लैससासमैत्रि सेवाको सुनिश्चितता	लैससास लक्षित वर्गलाइ बिशेष ग्रहायता दिइ छीटो छरितो र सर्वशुलभ सेवाको सुनिश्चितताका लागि नीतिगत र व्यबहारिक संस्कारको अभवालाइ अन्त्य गरी उनीहरुको जीवन यापन सहज बनाउँन सेवाको सुनिश्चितता गर्ने गरी कानुन, नीति निर्माण, सेवामा प्रभावकारीता र सुरक्षा एवं जनजीवीकाको सवालमा जवाफदेही र

	सम्बेदनशिल हुने संस्कारको विकास गरिने छ ।
लैससास सम्बेदनशीलता	पालिकामा स्थापित बिभिन्न संघसंस्थाहरुमा गठन प्रकृयादेखिनै निर्णय प्रकृया, सहभागिता र प्रतिफल बाडफाडमा सकेत लैससास सम्बेदनशिलता अपानाइने छ । हानी नगरौ भन्ने शिद्धान्तलाइ सबै तहमा आत्मासात गरिने छ ।

२.६. पालिकाको आगामी लैससास रणनीतिको लागि लक्षित कार्यक्षेत्र

- लैससास लक्षित वर्ग एकिन गर्न खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र तुलनात्मक अध्ययन गर्ने, वार्षिक रुपमा अध्यावधिक गर्ने । लैससास रणनीति र नीति तर्जुमा गरी लागु गर्ने साथै लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम नगरपालिकाको दिर्घकालिन योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउँने ।
- लैससास सम्बन्धमा बनेका बिभिन्न कानुन तथा नियमलाइ सम्बन्धित लक्षित वर्गले थाहा पाउँने र बुभ्ने गरी जानकारी गराउँन अभियानमुलक कार्यहरु संचालन गरी शसक्तिकरणमा जोड दिइने छ । साथै पालिकामा बासोबास, आश्रित, क्षमता, आर्थिक र शैक्षिक अबस्था समेतलाइ मध्यनजर गरी विकासको मुल प्रवाहमा आउँन नसकेका सिमान्तकृत समुदायको नक्सांकन गरी उनीहरुको विकास, शसक्तिकरण र मुलप्रवाहीकरणका लागि र अर्थपुर्ण सहभागिताका लागि रणनीतिक र कर्यनिति रुपमा कार्यान्वयन गरिने छ ।
- पछाडि पारिएका, विकासको मुल प्रवाहीकरणमा आउँन नसकेका बर्ग जस्तै महिला, दलित, जनजाती, अशक्त, गरीव, सिमान्तकृत सबैको बिकास र सेवामा पहुँच अभिबृद्धि, न्यायमा सुनिश्चितता, सहभागिताका लागि क्षमता विकास, आत्मासम्मानका लागि पैवरी तथा वकालत आदि कार्य तत्काल शुरु गरिने छ ।
- सुशासन र पारदर्शिताका लागि प्रबिधिको प्रयोग मार्फत सम्पुर्ण गतिबिधीलाइ डिजिटलाइज गरिने छ । लैससासका उपलब्धिहरुलाइ वेवसाइटमा नियमित रुपमा

अद्याबकि गरिने छ । यसका साथै लैससास परिक्षणलाई संस्कृतिको रुपमा विकास गरिने छ । बार्षिक रुपमा लैससास परिक्षण गर्ने । परिक्षणले औल्याएका सवल पक्षलाइ बढाउँदै लैजान र कमजोर पक्षको सुधार मार्फत सुदृढ लैससास अबस्था सृजना गर्न आबश्यक रणनीति अख्तियार गरिने छ ।

३. रणनीतिको दिर्घकालिन सोंच, लक्ष्य तथा उद्देश्यहरु

३.१. लैससासमा पालिकाको

दिर्घकालिन सोंच :

सामाजिक समाबेशीकरण र लैंगिक समानता, समृद्ध तिनाउको सुनिश्चितता

ध्येय :

सामाजिक समावेशीकरणका सबै आयामहरुलाइ मुलप्रवाहिकरण तथा आन्तरिकीकरण मार्फत संस्थागत सुदृढिकरण गर्ने ।

लक्ष्य :

पाँच बर्ष भित्र यस गाउँपालिका भित्रका लैससास अर्न्तगतका लक्षित बर्गहरुको आर्थिक, सामाजिक र राजनीतिक पहुँच बृद्धि भई जीवनस्तरमा गुणस्तरीय सुधार र समतामुलक समाजको निर्माण भएको हुनेछ ।

मुख्य उद्देश्य :

यस रणनीतिको मुख्य उद्देश्य स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ ।

यसका अन्य उद्देश्यहरु यस प्रकार छनः

- संबिधानमा उल्लेखित लैससास बारे भएको व्यवस्थाहरुको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, रणनीति, कार्यबिधि, लैससासबारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गर्ने ।
- लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा लैससास मूलप्रबाहिकरण गर्दै लैजाने ।
- गाउँपालिका एवम् अन्य सेवाप्रदायक सरोकारवाला संस्थाहरु सहित लक्षितवर्ग/समूहको आर्थिक, सामाजिक, राजनीतिक र सार्वजनिक जिवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्दि गर्ने नीतिलिई समावेशिकरण तथा सहजिकरण गर्ने ।
- लैससासको लक्षित वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा पहुँच बिस्तार गरी आर्थिक अवस्था सूधार हुने खालका कार्यक्रमहरु बनाई कार्यान्वयनमा लैजाने साथै बिधमान सामाजिक बिभेदहरु अन्त्य गर्न स्थानीय पाठ्यक्रममा आधारित स्थानीय पाठ्यपुस्तकमा समावेश गर्ने ।

- गाउँपालीकाबाट निर्माण हुने सवै नीति, योजना र आयोजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न प्रत्येक चरणमा लैससास दृष्किोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गदै लैजाने ।

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीतिको औचित्यता

समावेशी र समानतामा आधारित समाजलाई समृद्धी र सामाजिक न्यायसहितको प्रबर्द्धन गर्ने संबिधानको परिकल्पना अनुसार स्थानीय सरकार संचालन ऐन २०७४ र लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी अन्तराष्ट्रिय स्तरमा राज्यले गरेको प्रतिबद्धता, असमानता र भेदभाव अन्त्य गर्न लैससास मूलप्रवाहीकरणलाई एउटा मुख्य रणनीतिको रुपमा अपनाउँन आवश्यक छ । यसका साथै बिकेन्द्रित राज्य प्रणालीले स्थापित गरेका लैससाससम्बन्धि मुल्यमान्यतालाई आत्मासात गरी स्थानीय सरकारले लैससास मूलप्रवाहीकरणका लागि नीतिगत र कार्यक्रमगत प्रयासहरुलाई सार्थक बनाउँने दायित्व थपिएको छ । त्यसैगरी नागरिक मैत्री योजना तर्जुमा प्रकृयालाई पुर्ण सहभागितामुलक बनाउँन, पुन मुल्यांकन गर्न र पुन डिजाइन गर्न आबश्यक देखिन्छ भने निर्वाचित जनप्रतिनिधिको नागरिक प्रतिको जवाफदेहीताका लागि विशेषगरी सिमान्तकृत, वन्चित र विशेषाधिकार प्राप्त वर्गका लागि उत्तरदायी र नतिजामुलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ । संबिधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्यसंरचनाका सबै अंगहरूमा महिला, दलित, आदिवासी जनजाति,मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बन्चितिकरणका कारण सामाजिक समुहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्नु पर्ने अवस्था समेत भएको हुँदा र महिला, दलित, आदिवासी जनजाति,उत्पीडित वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिकतथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका महिला, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवामा पहुँचमा समस्या, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रबृत्ति भएकोले यो लैससास रणनीति योजना बनाइ लागु गर्न अत्याबश्यक भैसकेको अबस्था छ ।

मूल्य मान्यताहरु :

देवदह नगरपालिकाको लैससास राणनीतिको निम्न मुल्यमान्यताहरु रहने छन् पुर्ण समाबेशिता

- अर्थपुर्ण र परिणाममुखी सहभागिता
- हिंसा रहित समाजको निर्माण
- कुनै पनि प्रकारको हिंसा र बिभेद प्रति सुन्य सहनशिलता
- लैससास सम्बेदनशिलता

३.२. लैससास रणनीतिक उधेश्यहरु र मुख्य कियाकलापहरु :

रणनीतिक उद्धेश्य	मुख्य कृयाकलापहरु
पुर्ण समाबेशीता र मूलप्रवाहिकरणः	• लैससास सम्बन्धि तथ्यांक संकलन, विश्लेषण गरी लक्षित समुह पहिचान गर्ने र उनीहरुको विकास र प्रबर्द्धनका लागि ठोस योजना बनाइ कार्यान्वयन गर्ने । • तथ्यांकलाइ बार्षिक रुपमा अध्यावधिक गर्ने । तथ्यांक र सुचकहरुलाइ वेवसाइटमा राख्ने । • पछाडी परेका वा पारिएका असक्त, गरीब तथा लक्षितवर्ग/समूहको सवाल र समस्या पहिचान गर्ने । • लैससास लक्षित वर्गको अर्थपुर्ण सहभागिता र मुलप्रभावीकरण का लागि रणनीतिक तरीका अपनाउँने ।
आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सहजिकरणः	• विकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका अशक्त, गरीब, तथा लक्षित वर्ग/समूहको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराउँने । • समाबेशीकरणलाइ आर्थिक, सामाजिक र राजनितिक

	समावेशिकरणको रुपमा सुनिश्चित गर्ने । ● सम्भावित प्राकृतिक तथा मानव सिर्जित विपत व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन, आयमुलक व्यवसाय र लघु उद्यम विकास मार्फत लैससासलाई समृद्ध बनाउँन प्रयास गर्ने ।
संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकासः	● लैससासको सुदृढिकरणको लागि सबै सरोकारवालाहरुसंग प्रभावकारी साझेदारीता, सहकार्य र समन्वय स्थापित गर्ने । ● कार्यक्रम कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गर्ने । ● सेवाप्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउँनने ● व्यक्तिगत र सामुहिक सचेतिकरण तथा क्षमता अभिबृद्धि गरी समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने । ● सामाजिक सुरक्षा र संरक्षण सुनिश्चित गर्न निर्दिष्ट कार्ययोजना बनाई लागु गर्ने ।
समन्वय, सहकार्य र साझेदारीता	● केन्द्र, प्रदेश, विभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजिकरणको लागि स्पष्ट कार्ययोजना र रणनीति अख्तियार गर्ने । ● सहकार्य र साझेदारीता मार्फत हासिल उपलब्धिलाई तुलनात्मक विश्लेषण गरी बार्षिक रुपमा सार्वजनिक गर्ने ।
अनुगमन तथा मूल्यांकनः	● सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने । ● अनुगमन र मुल्यांकन प्रणालिको संस्थागत विकास गर्ने

	• अनुगमनको नतिजालाई वेवसाइटमा राख्ने ।
सुशासन, पारदर्शिता र प्रविधिको प्रयोग	• लैससासका हरेक गतिविधिलाई वेवसाइटमा राख्ने । • वेवसाइट भिजिट गरी जानकारी हसिल गर्न र सुसुचित हुन बस्ती र संस्था स्तरमा सचेतना अभिबृद्धि कार्यक्रम लागु गर्ने । • गुनासाहरु अनलाइन विधिबाट पेश गर्ने, गुनासाहरु सम्बोधन गर्ने उचित संयन्त्रको विकास गर्ने, गुनासाहरु सम्बोधन भए नभएको बिषयलाई अनलाइनबाटै जानकारी लिन सकिने प्रबिधिको विकास गरी लागु गर्ने ।
लैससास नीति, रणनीति तर्जुमा र लैससास परिक्षण	• यसै बर्ष भित्रमा लैससास नीति तर्जुमा गर्ने । • यो लैससास रणनीतिलाई नगर कार्यपालिकाबाट पारित गराई लागु गर्ने । यो रणनीतिको बार्षिक रुपमा पुनरावलोकन गरी समय सापेक्ष बनाउँदै लैजाने । • बार्षिक रुपमा लैससास परिक्षण गर्ने । परिक्षणको नतिजा अनुसार सवल पक्षहरुलाई कायम राख्ने र कमजोर पक्षहरुलाई सुधार गरी सवल पक्षमा परिणत गर्न आवश्यक कार्यनीति अख्तियार गर्ने ।
लैंगिक हिंसा	• लैससास नीति तर्जुमा गरी लैंगिक हिंसा अन्त्यका लागि स्पष्ट प्रावधान र नियमनको लागि कार्यबिधि तय गर्ने । • गुण र दोषको आधारमा कार्वाही, दण्ड जरीवाना, सजाय, पुरस्कार प्रोत्शहको रणनीति अपनाउँने । • लैंगिक हिंसा अन्त्यका लागि क्षमता विकास, सचेतिकरण र पैरवी जस्ता कार्यक्रमहरु संचालन गर्ने ।
लैससास सम्बेदनशिल	• लैससास शाखा वा यो बिषय हेर्ने फोकल शाखाको क्षमता

सेवा	विकासमा जोड दिने जसका कारण लैससास सेवा प्रभावकारी बनोस । ● पालिकाका सबै शाखाबाट प्रवाह हुने सेवालाइ गुणसतरी, छीटो र भरपर्दो बनाउँने ।

३.३. लैससास मुलप्रवाहिकरण रणनीति कार्यान्वयनको लागि कार्ययोजना :
३.३.१. कार्यनीति -उद्देश्य १ संग सम्बन्धित)

क) गाउँपालिकाको आवधिक एवम् वार्षिक योजना, कार्यक्रम तथा बजेट चक्रमा लैससासमैत्री योजना र कार्यक्रम निर्माण गर्न आबश्यक बजेटको व्यबस्था गरिने छ ।

ख) आवधिक एवम् वार्षिक योजना, विद्यामान नीति, निर्देशिका र कार्यविधिको अध्ययन तथा विश्लेषण गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुने गरी परिमार्जन र संशोधन गर्ने ।

ग) बढी भन्दा बढी अर्थपुर्ण जनसहभागीता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्य क्षेत्रगत सर्त निर्धारण गर्ने ।

घ) सेवाप्रवाह संयन्त्र र प्रक्रिया लैससासमैत्री हुने गरी सुधार एवम् विकास गर्ने छ ।

ङ) लैंङ्गिक उतरदायी योजना तथा बजेट तर्जुमा तथा लैंङ्गिक लेखाजोखा बिधीलाई लैंङ्गिक पुर्णरुपमा कार्यान्वयनमा ल्याईने छ ।

च) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजि कार्यशैली अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागू गराउन उत्प्रेरित गर्ने छ ।

छ) लैङ्गिक उत्तरदायी योजना तथा बजेट मार्फत नतिजामुखी आवाधिक र बार्षिक योजना तर्जुमा गरी सोको कार्यन्वयन गर्ने छ ।

ज) लैङ्गिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि सूचकहरु निर्धारण गरी यसको प्रयोगलाई योजना तथा बजेट तर्जुमा, मापन र परीक्षण प्रक्रियामा एकरुपता र सरलीकरण गरी लैंङ्गिक उत्तरदायी बजेट सुनिश्चित गर्ने छ ।

झ) लैंङ्गिक उत्तरदायी योजना तथा बजेटलाई स्थानीय सरकारले आन्तरिकरण गरी यसको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गरिने छ ।

ञ) सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि योजना तर्जुमा गर्ने ।

ट) लैससास नीति तय गरि नीतिले निर्दिष्ट गरे बमोजिम रणनीति र कार्यनीति कार्यान्वयन गर्न लैससास कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाई लागु गर्ने ।

ठ) सेवाप्रदायक निकायका सरोकारवालाहरुलाई लैङ्गिक उत्तरदायी वजेट बिधी कार्यान्वयन सम्बन्धी सीप विकास गर्ने छ ।

ड) सेवाप्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालाई लैङ्गिक उत्तरदायी वजेट सम्बन्धी सूचना तथा जानकारी नियमित रुपमा प्रदान गर्ने प्रबन्ध गरिने छ । यसका लागि आम सञ्चार माध्यमको प्रयोग गरिने छ ।

ण) कृषि, सहकारी, पर्यटन आदिको समुश्चित विकास एवं प्रबद्धन गरि गाउँ बासीको लागि स्वःरोजगारीको ब्यबस्था गर्दै लगिने छ ।

३.३.२. कार्यनीति -उद्देश्य २ संग सम्बन्धित)

क) स्थानीय शासन संग सम्बन्धित बिभिन्न ऐन, नियम, कानून, नीति, नियमहरुको अन्तर्राष्ट्रिय मूल्य-मान्यता तथा मापदण्ड अनुरुप सबै सरोकारवालाहरुलाई संलग्न गराई लैससास दृष्टिकोण पुनरावलोकन तथा निर्माण गरिने छ ।

ख) खण्डीकृत तथ्याक र तथ्यगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थिति विश्लेषण गरि गरिब तथा बञ्चितिकरणमा परेका समूहको पहिचान गरिने छ ।

ख. दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक आदिको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्दि गर्ने कार्यनीतिलिई समावेशिकरण तथा सशक्तिकरण गरिने छ ।

ग) विविधताको सम्मान गर्ने बिपन्न बर्गहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वितीय स्रोतमा पहुँच अभिबृद्दि गर्ने योजना र कार्यक्रम निर्माण गरि कार्यान्वयन गरिने छ ।

३.३.३ कार्यनीति -उद्देश्य ३ संग सम्बन्धित)

क) लैससासका लागि सस्थांगत र व्यक्तिगत दुबै क्षमता विकासका क्षेत्रहरू पहिचान गरि विभिन्न सचेतिकरण तथाक्षमता विकासका कार्यक्रमहरु सञ्चालन गराईनेछ ।

ख) योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघ-संस्था, विभिन्न सञ्जाल, सहकारी तथा महासंघ, समूहहरू तथा नागरिक समाजको क्षमता विकासको दायरामा ल्याइने छ ।

ग) सबै समुदायका विपन्न महिला-पुरुषहरू, युवा, बालबालिका, राजनीतिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि हुने गरी ७ चरणको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेका/पारिएकाहरूका लागि विद्यमान प्रावधानहरू र गाउँपालिकाको जिम्मेवारीका सम्बन्धमा सु-सूचित गराउन चेतनामूलक कार्यक्रमहरू सघन एवम् निरन्तर सञ्चालन गराईने छ ।

घ) लैससास सम्बन्धी जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यान्वयन गर्ने ।

ङ) गाउँपालिकाको प्रमुख एवम् राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको मूलअवधारणा र यस सम्वन्धी संवेदनशील बनाउने ।

च) लैससास सम्बन्धी जानकारीमूलक र सूचना मूलक सामाग्रीको प्रकाशन र तालिम निर्देशिकाहरु तयार गरी समयानुकूल सुधार गरी कार्यन्वयन माल्याईने ।

छ) प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गराईनेछ ।

ज) आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न सम्बन्धित पक्षको क्षमता अभिवृद्दि गर्ने ।

झ) लैससास सम्बन्धी असल अभ्यास छनौट गरी सोको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने ।

ञ) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिकी वषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्नजनशक्तिको सार्वजनिक र निजिकार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी सो बमोजिम क्षमता अभिवृद्धि गरी लागू गराउन उत्प्रेरित गर्ने र कार्यसम्पादन मूल्यांकनमा यसलाई पनिआधार बनाउन विधि तय गर्ने ।

ट) लक्षित वर्गको आर्थिक अवस्थामाउ ल्लेखिय सूधार ल्याउन वित्तीय साक्षरता अभियान तथा आर्थिक अनुसाशन सम्बन्धीकार्यहरु निर्धारण गरी कार्यान्यवन माल्याउने ।

३.३.४ कार्यनीति -उद्देश्य ४ संग सम्बन्धित)

क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजिकरण गर्ने ।

ख) आदिवासी जनजाति तथा दलित बर्गको जीविको पार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने र सबै वर्गलाई लक्षीत गर्दै कृषि

र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता विकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।

ग) बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

घ) प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीतब यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने ।

३.३.५ कार्यनीति -उद्देश्य ५ संग सम्बन्धित)

क) गाउँपालिकाका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै जानेछ ।

ख) लैङ्गिक डेस्कको विकासको लागि वजेटको व्यवस्था गराई सो अनुसार कार्यक्रम पहिचान गर्ने र लैङ्गिक विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति तय गर्ने ।

ग) गाउँपालिका तथा वडा तहमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,

ग) गाउँपालिका तहमा गठन भएका लक्षित ब्यक्ति, समुदायका संजाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने ।

घ) लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरु बिच कार्यगत अनुगमन संयन्त्र (संजाल) बनाईने छ ।

यस लसैसास रणनीति कार्यान्वयन गर्ने सन्दर्भमा तिनाउगाउँपालिकाले लागु गर्ने पाच (५) बर्षे प्रस्तावित रणनीति, कार्यक्रम तथा प्रमाणीकरणका आधारहरूः

रणनीतिक	मुख्य कृयाकलापहरु	जिम्मेबारी र सहयोगी निकाय	समय अबधि	प्रमाणिकरण्को आधार
पुर्ण समाबेशीता र मूलप्रवाहिकरणः	• लैससास सम्बन्धि तथ्यांक संकलन, विश्लेषण गरी लक्षित समुह पहिचान गर्ने र उनीहरुको विकास र प्रबर्द्धनका लागि ठोस योजना बनाइ कार्यान्वयन गर्ने । • तथ्यांकलाइ बार्षिक रुपमा अध्यावधिक गर्ने । तथ्यांक र सुचकहरुलाइ वेवसाइटमा राख्ने । • पछाडी परेका वा पारिएका असक्त, गरीब तथा लक्षितवर्ग/समूहको सवाल र समस्या पहिचान गर्ने । • लैससास लक्षित वर्गको अर्थपुर्ण सहभागिता र मुलप्रभावीकरण का लागि रणनीतिक तरीका अपनाउँने ।	पालिका	२ बर्ष भित्र	तथ्यांक, कार्ययोजना र निर्णय पुस्तिका
आर्थिक, सामाजिक र राजनितिक	• विकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका अशक्त, गरीब, तथा लक्षित वर्ग/समूहको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता	पालिका	४ बर्ष भित्र	सहभागिता गराएको उपस्थिती पुस्तिका, फोटो, भिडियो आदि

समावेशिकरण तथा सहजिकरणः	गराउँने । ● समाबेशीकरणलाइ आर्थिक, सामाजिक र राजनितिक समावेशिकरणको रुपमा सुनिश्चित गर्ने । ● सम्भावित प्राकृतिक तथा मानव सिर्जित विपत व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन, आयमुलक व्यवसाय र लघु उद्यम विकास मार्फत लैससासलाई समृद्ध बनाउँन प्रयास गर्ने ।			
संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकासः	● लैससासको सृदृढिकरणको लागि सबै सरोकारवालाहरुसंग प्रभावकारी साझेदारीता, सहकार्य र समन्वय स्थापित गर्ने । ● कार्यक्रम कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गर्ने । ● सेवाप्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउँनने ● व्यक्तिगत र सामुहिक सचेतिकरण तथा क्षमता अभिबृद्धि गरी समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने । ● सामाजिक सुरक्षा र संरक्षण सुनिश्चित गर्न निर्दिष्ट कार्ययोजना बनाई लागु गर्ने ।	पालिका	५ बर्ष सम्म निरन्तर	सहकार्यको संझौता तथा दस्ताबेजहरु, संस्थागत संरचनाको ढाँचा, अभियानका प्रतिबेदनहरु

समन्वय, सहकार्य र साझेदारीता	• केन्द्र, प्रदेश, विभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजिकरणको लागि स्पष्ट कार्ययोजना र रणनीति अख्तियार गर्ने । • सहकार्य र साझेदारीता मार्फत हासिल उपलब्धिलाई तुलनात्मक विश्लेषण गरी बार्षिक रुपमा सार्वजनिक गर्ने ।	पालिका	५ बर्ष सम्म निरन्तर	संझौता र समझदारी पत्रहरु, विवरण सार्वजनिक गरेको प्रमाण
अनुगमन तथा मूल्यांकनः	• सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने । • अनुगमन र मुल्यांकन प्रणालिको संस्थागत विकास गर्ने • अनुगमनको नतिजालाई वेवसाइटमा राख्ने ।	पालिका	निरन्तर ५ बर्ष सम्म	अनुगमन प्रतिबेदन
सुशासन, पारदर्शिता र प्रविधिको प्रयोग	• लैससासका हरेक गतिविधिलाई वेवसाइटमा राख्ने । • वेवसाइट भिजिट गरी जानकारी हसिल गर्न र सुसुचित हुन बस्ती र संस्था स्तरमा सचेतना अभिबृद्धि कार्यक्रम लागु गर्ने । • गुनासाहरु अनलाइन विधिबाट पेश गर्ने, गुनासाहरु सम्बोधन गर्ने उचित संयन्त्रको विकास गर्ने, गुनासाहरु सम्बोधन भए नभएको बिषयलाई अनलाइनबाटै जानकारी लिन सकिने प्रबिधिको विकास	पालिका	दोस्रो बर्षबाट शुरु गरी ५ बर्ष सम्म निरन्तर	वेवसाइट, तथ्यांक र विवरणहरु, फोटो आदि

	गरी लागु गर्ने ।			
लैससास नीति, रणनीति तर्जुमा र लैससास परिक्षण	• यसै बर्ष भित्रमा लैससास नीति तर्जुमा गर्ने । • यो लैससास रणनीतिलाई नगर कार्यपालिकाबाट पारित गराई लागु गर्ने । यो रणनीतिको बार्षिक रुपमा पुनरावलोकन गरी समय सापेक्ष बनाउँदै लैजाने । • बार्षिक रुपमा लैससास परिक्षण गर्ने । परिक्षणको नतिजा अनुसार सवल पक्षहरुलाई कायम राख्ने र कमजोर पक्षहरुलाई सुधार गरी सवल पक्षमा परिणत गर्न आवश्यक कार्यनीति अख्तियार गर्ने ।	पालिका	यसै बर्षबाट शुरु गर्ने	लैससास रणनीति योजना, योजना पारित भएको निर्णय पुस्तिका, लैससास परिक्षण प्रतिबेदन
लैंगिक हिंसा	• लैससास नीति तर्जुमा गरी लैंगिक हिंसा अन्त्यका लागि स्पष्ट प्रावधान र नियमनको लागि कार्यबिधि तय गर्ने । • गुण र दोषको आधारमा कार्वाही, दण्ड जरीवाना, सजाय, पुरस्कार प्रोत्शहको रणनीति अपनाउँने । • लैंगिक हिंसा अन्त्यका लागि क्षमता विकास, सचेतिकरण र पैरवी जस्ता कार्यक्रमहरु संचालन गर्ने ।	पालिका	पहिलो बर्ष देखि ५ बर्ष सम्म	कार्यबिधि, क्षमता विकास कार्यक्रमको प्रतिबेदन
लैससास सम्बेदनशिल सेवा	• लैससास शाखा वा यो बिषय हेर्ने फोकल शाखाको क्षमता विकासमा जोड दिने जसका कारण लैससास सेवा प्रभावकारी बनोस ।	पालिका	यसै बर्षबाट शुरु गरी ५ बर्ष सम्म निरन्तर	लैससास हेर्ने शाखा या व्यक्ति, सेवा सुनिश्चित भएको

	• पालिकाका सबै शाखाबाट प्रवाह हुने सेवालाइ गुणसतरी, छीटो र भरपर्दो बनाउँने ।		लागु गर्ने	कागजातहरु आदि

३.४. लैससास मुलप्रवाहिकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था :

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र गाउँपालिकाको शासन पद्धती, सेवाप्रवाह र कार्यप्रणालीलाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सकिन्छ । गाउँपालिकाका जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास रणनीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न सहयोग गर्नु पर्दछ । गाउँपालिका क्षेत्र भित्र क्रियाशिल सबै निकायहरुहरुको लैससासको क्षेत्रमा गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बिच नियमित समन्वय तथा साझेदारी गरिने छ । गाउँपालिकामा क्रियाशिल सबै संयन्त्रल लगायत स्थानीय समुदाय, गैरसरकारी संघ संस्था, विकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास रणनीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ । त्यसैगरी लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालीत मानव स्रोतको क्षमता विकास गरिने छ ।

३.४.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन :

लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिका भित्रका भौतिक संरचना लगायत संस्थागत संयन्त्रको सुधार गरी लैससास मैत्री बनाइने छ । सामुदायिक विकास कार्यक्रममा समानुपातिक सहभागिता र समावेशीकरण प्रक्रियालाई प्रभावकारी बनाइने छ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्र स्थापना र व्यवस्थापन गरी परिचालन गरिने छ ।

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिने छ ।

ख) गाउँपालिका स्तरीय अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गरिने छ ।

३.४.२. गाउँपालिकाको भूमिका :

ग) लैंससास सम्पर्क व्यक्ति (GESI Focal Person) नियुक्त गरी कार्यविवरण तोकी परिचालन गर्ने ।

घ) महिला कर्मचारीहरु र महिला सेवाग्राहीलाई सहजताका लागि लैंङ्गिक मैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गर्ने ।

ङ) कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार र सबै प्रकारका बिभेद निवारणका लागि गुनासो सुनुवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैंससास मैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

छ) स्थानीय समुदायको समानुपातिक सहभागितामा टोल समिति गठन गरी योजना तर्जुमा प्रक्रिया र सामुदायिक विकास कार्यमा क्रियाशिल बनाउने ।

ज) सूचना शाखाको प्रभावकारी ब्यबस्थापन गरी खडिकृत बिद्युतिय सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाउने ।

झ) गाउँपालिकाको समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी मूलप्रवाहीकरण सुनिश्चितताका लागि नीति, रणनीति तथा कानुनको समिक्षा वा पुनरावलोकन गरी परिमार्जन गर्ने

ञ) लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई लागु गर्ने ।

ट) लैंससास उत्तरदायी योजना तर्जुमा तथा बजेट बिनियोजन प्रणालीलाई अनिवार्य तथा संस्थागत गर्ने ।

ठ) लैससास परिक्षण तथा अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्ने ।

ड) वडा तथा टोलबस्तीबाट योजना तर्जुमा प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।

ढ) गाउँपालिका क्षेत्रमा परिचालीत सबै निकायबाट उपलब्ध गराइने सेवा सुविधा र लाभ वितरणमा लैंङ्गिक तथा सामाजिक समावेशी पहुँच बृद्धिका लागि स्पष्ट निर्देशन दिने ।

ण) लैंङ्गिक समानता तथा सामाजिक समावेशी शाखा वा इकाई स्थापना गरी लैंङ्गिक अवधारणा सम्बन्धी क्षमता विकासका कार्यक्रम तय गरी संचालन गर्न जिम्मेवारी तोक्ने ।

त) लैंससास सम्पर्क व्यक्ति नियुक्त गरी निजको कार्य भूमिका तोक्ने ।

थ) गाउँपालिका लगायत सबै सार्बजनिक निकायमा लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीक मैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।

द) हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीकहरुको लागि दिवा सेवा केन्द्र र जोखिममा रहेका र बिशेष स्याहारको आबश्यकता भएका बालबालिकाको लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।

ध) स्थानीय महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, अपांगता भएका व्यक्ति लगायत पछाडि पारिएका व्यक्ति, समुदायको सञ्जाल गठन गरी सेवा प्रबाह र लाभमा पहुँच बृद्धिका लागि परिचालन गर्ने ।

न) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत र कानुनी उपयोगिता र प्रभाकारिता मूल्यांङ्कन गर्ने ।

प) स्थानीय आबश्यकता अनुसार नीतिगत मापदण्ड बनाई लागु गर्ने, गराउने ।

३.४.३. वडा कार्यालय भूमिका

- गाउँपालिकाबाट जारी गरिएका नीति, रणनीति तथा कानुन र निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने ।
- टोलबस्ती हुदै वडामा लैससास उत्तरदायी योजना तथा बजेट निर्माण प्रति संवेदनशिलता अपनाउने ।
- समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा महिला, दलित, जनजाती, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, अपांग, जेष्ठ नागरीक लगायत विपन्न र बञ्चित बर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्ने ।
- सार्वजनिक स्रोत तथा सेवाप्रबाह र लाभमा लैंगिक तथा समावेशी पहुँच सुनिश्चित हुने गरी न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।
- योजना तथा कार्यक्रम कार्यान्वयन प्रणाली समावेशी र सहभागिता मूलक बनाउन समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने ।

  वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र बिश्लेषण गरी गाउँ पालिकाको सुचना शाखामा अद्यावधिक गर्न सहयोग गर्ने ।

३.४.४.लैंङ्गिक सम्पर्क व्यक्ति

- महिला, बालबालिकातथा जेष्ठ नागरीक शाखाकाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने,
- गाउँपालिकाबाट सञ्चालित कार्यक्रममा सरोकारवाला समुदाय तथा लक्षित समुहका गुनासो सुन्ने र सम्बोधनका लागि सम्बन्धित शाखा र गाउँ कार्यपालिका समक्ष जानकारी गराउने ।
- गाउँपालिकाकामा लैससास उत्तरदायी बजेट बिनियोजन र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीसंग समन्वय एबं सहजीकरण गर्ने ।
- कार्य स्थलमा हुने यौनजन्य दुरव्यवहार र सबै प्रकारका बिभेदहरु बिरुद्ध सुन्य सहनशिलता बृद्धि गर्न गाउँ पालिका क्षेत्र भित्रका सबै निकाय बिच समन्वयकारी भूमिका निर्वाह गर्ने ।

- लैससास सम्बन्धि आएका गुनासो वा उजुरीहरु दर्ता गरी सम्बोधनका लागि लैससास शाखामा जानकारी गराउने ।
- समुदायमा बिद्यमान लैंङ्गिक तथा घरेलु हिंसा, सामाजिक असमानता, हानीकारक मुल्यमान्यता र गलत सामाजिक अभ्यास बिरुद्ध अभियान संचालन गर्न सरोकारवाला निकाय समक्ष समन्वय गर्ने ।
- लैंङ्गिक हिंसा तथा घरेलु हिंसा बिरुद्ध वकालत तथा प्रतिकार क्षमता अभिबृद्धि गरी सुन्य सहनशिलता कायम गर्न आवश्यक कार्यक्रम तथा बजेट बिनियोजन गर्न टोलबस्ती तथा वडाहरु र गाउँपालिकामा सहजीकरण गर्ने ।
- गाउँपालिकमा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई लैंससास मैत्री कार्य व्यवहार र संवेदनशिलता अभिबृद्धि गर्न लैससास अवधारण स्पष्ट पार्न तालिम तथा अभिमूखिकरण सम्बन्धी कार्यक्रममाग गर्ने ।
- सुचना शाखासंग निकटतम् सम्बन्ध एबं समन्वय बिस्तर गरी गाउँ पालिकाको खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गर्न सहयोग गर्ने ।
- गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीका लागि स्तनपान कक्ष, लैंङ्गिकमैत्री शौंचालय निर्माण, अपांगमैत्री भौतीक पूर्वाधार, बालमैत्री संरचना निर्माणका लागि नियमित वकालत तथा पहल गर्ने।
- गउँपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यतः बोलीचालीको शब्द चयन वा भाषा प्रयोग गर्दा लैंससास मैत्री शब्दहरुको प्रयोग र व्यवहार अवलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाई अभिप्रेरित गर्ने ।

३.४.५ अन्य विषयगत शाखा

- गाउँपालिकाको समग्र विकास प्रक्रिया र लाभ प्राप्तीमा लैंङ्गिक तथा समाबेशी पहुँच बृद्धि गर्न लैससास शाखा र सम्पर्क व्यक्तिसंग समन्वय कायम गर्ने ।
- विषयगत शाखाबाट गरिने योजना तर्जुमा, विकासका कार्य लगायत हरेक सेवा प्रवाहका विषयमा लक्षित बर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका विषयमा संवेदनशिलता अपनाउने ।

३.४.६. स्वास्थ्य शाखा

- लैंङ्गिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवाप्रवाह कार्यमा लैंङ्गिक संवेदनशिलता अपनाउन सहजीकरण गर्ने ।
- स्थानीय तहका सबै स्वास्थ्य कार्यालयलाई लैससास मैत्री सेवाप्रवाहका लागि आबश्यक निर्देशन गर्ने ।

- लैससास मैत्री सेवाप्रबाहका लागि आबश्यक संरचना तथा उपकरण ब्यबस्थापन सम्बन्धी योजना बनाई गाउँपालिका समक्ष माग गर्ने ।
- सुरक्षीत प्रजनन् सेवा प्रबाहका लागि आबश्यक संरचना लगायत सामाग्री ब्यबस्थापनका लागि योजना बनाई माग गर्ने ।
- महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत बञ्चितीमा परेका ब्यक्ति तथा समुदायलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा उपलब्ध भएन भएको अनुगमन गरी प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने ।

३.४.७. शिक्षा शाखा

- अति बिपन्न तथा बिभिन्न जोखिम बाट पिडित वा प्रभावित र असाह्य बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आबश्यक शैक्षिक सामाग्री सहित बिद्यालय पोशाक र दिवाखाजाको ब्यबस्थापन गरी नियमित बिद्यालय आउने वातावरण सृजना गर्ने ।
- विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी सबै बालबालिकाहरुलाई नियमित विद्यालय आउन आकर्षित गर्ने ।
- बालमैत्री शिक्षण सिकाई अवलम्वन गरी बालबालिकाले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने वातावरण सृजना गर्ने ।
- बिचमा बिद्यालय छोड्नो प्रबृति हटाउनका लागि अति गरिव, असाह्य, संरक्षक बिहिन बालबालिकालाई आबश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।
- बाल बिवाह न्यूनिकरणका लागि सहकृयाकलाप गर्न सबै बिद्यालयमा सहजीकरण गर्ने ।
- विद्यालयका हरेक निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने ।
- विद्यालयमा बालक र बालिकाको लागि लैंगिकमैत्री सौचालय र बालमैत्री खानेपानी धारा तथा सौचालयको व्यवस्थापनका लागि योजना बनाई गाउँपालिका समक्ष माग गर्ने ।

३.४.८.स्थानीय प्रहरी कार्यालय

- घरेलु हिंसा वा लैंगिक हिंसा बिरुद्ध अभियानहरुमा सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने ।
- प्रहरीमा उजुरी आएका घरेलु हिंसा तथा महिलावाबालिका बिरुद्ध हिंसा वा दुरब्यबहारको अनुसन्धानकार्य छीटो छरीतो र चुस्त दुरुस्त गर्ने ।
- बालबिबाह, लागु औषध दुरर्ब्यसनी बिरुद्ध सचेतना मूलक अभियानमा सहभागि हुने ।
- अनुसन्धान प्रक्रियामा लैङ्गिकमैत्री ब्यबहार तथा बालमैत्री ब्यबहार अवलम्वन गर्ने । अनुसन्धान प्रक्रियामा महिला, किशोरी र बालबालिकाको गोपनियतामा ध्यान दिने ।

३.४.९.विकासका साझेदारहरु

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँ पालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।
- महिला, दलित, अपांग जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका बर्ग समुदायको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँ पालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।
- विकासका साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन हुने गरी क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने ।

३.४.१०.गैरसरकारी संस्थाहरु

- गाउँपालिकाबाट निर्माण गरी जारी गरिएका लैससासमैत्री नीति तथा कानुनको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।
- महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा र बिभिन्न महामारी वा विपद्बाट पिडित तथा प्रभावितलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।
- गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवाल सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

३.४.११.गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु

- लैङ्गिक बिभेद, सामाजिक असमानता, तथा हानीकारक र विभेदकारी सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध नियमित वकालत गर्ने साथै अभियान रुपि कार्यक्रम माग गर्ने ।

- लक्षीत बर्ग समुदायको खण्डिकृत तथ्यांक सहित उनीहरुका सवाल तथा समस्यारु पहिँचान गरी सम्बोधनका लागि वडा तथा गाउँपालिकालाई जानकारी गराई आवश्यकता अनुसार योजना तथा कार्यक्रम र बजेट माग गर्ने ।
- स्थानीय स्रोत तथा प्रतिफलको समानुपातिक पहुँच, न्यायिक वितरण र समावेशी सहभागिताको पक्षमा आवाज उठाउने ।
- समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।
- लैंङ्गिक हिंसा पिडित महिला तथा बालिका, असाह्य एवं अपहेलीत जेष्ठनागरिकको संरक्षणका लागि बैकल्पीक हेरचाहको ब्यबस्था गर्न माग गर्ने ।
- सम्बन्धित वडा कार्यालय र लैससास शाखासंग नियमित समन्वय तथा सम्पर्कमा रही लैंङ्गिकमैत्री, बालमैत्री तथा अपांगमैत्री संरचना निर्माणका लागि वकालत गर्ने ।

३.४.१२. निजी क्षेत्र (उद्योग बाणिज्य संघ, होटल ब्यबसायि संघ, यातायात ब्यबसायी संघ, सहकारी, बैंक आदि)

- निजी क्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवामा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा समेत सेवा बिस्तार गरी प्रभावकारी बनाउने ।
- महिला, बिपन्न तथा वञ्चित समूहको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।
- वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीबाट उत्पादित बस्तुको बजारीकरणका लागि वडा तथा गाउँ पालिकासंग समन्वय र सहयोग गर्ने ।
- महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन सहज कर्जामा पहुँच बढाई प्रोत्साहान गर्ने ।
- गाउँपालिकासंग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धीकार्यहरु संचालन गर्ने ।

३.४.१३.समुदाय

- गाउँपालिकाको योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा नजिकको साझेदारको रूपमाक्रियाशिल रहने ।
- आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सूचना तथा तथ्यांकहरू साथै विकास कार्यबाट भएको प्रगतिको अभिलेख राख्ने र आबश्यक ताअनुसार सम्बन्धित वडा र गाउँपालिकामा सम्बोधनका लागि माग पेश गर्ने ।

- सामुदायिक विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरीक लगायत बिपन्न र पछाडी पारिएको बर्ग समुदायको सक्रिय सहभागिता सुनिश्चितता गर्न वकालत तथा नियमित समन्वय र साझेदारी गर्ने ।
- सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैंससासमैत्री, बालमैत्री, अपांगमैत्री तथा समावेशी बनाउन सम्बन्धित शाखा तथा निकाय समक्ष वकालत तथा माग गर्ने ।
- महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध आवाज उठाउने । स्थानीय तहमा सञ्चालित अभियानरुपी कार्यक्रमहरुमा सक्रिय संलग्नता जनाउने
- स्थानीय विकास निर्माणका कार्यहरुमा जनसहगिता अभिबृद्धि गर्न वडा तथा गाउँपालिकामा वकालत गर्ने ।

३.४.१४.सरोकारवाला बिच समन्वय एवं साझेदारी :

गाउँपालिकाबाट जारी गरिएको लैससास रणनीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु वीचको समन्वय र साझेदारी अपरिहार्य ठानीएको छ । गाउँ पालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैङ्गिक उत्तरदायी बनाउन र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरु बिच समन्वय र सहकार्य हुनु जरुरी छ । गाउँपालिकाबाट लैससास नीतितथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धीत सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजि क्षेत्र, महिला समूह तथा समुदाय र आम नागरिक बिच निरन्तर समन्वय र साझेदारी गरिनेछ ।

३.५. लैससास रणनीति कार्यान्वयनका लागि स्रोत परिचालन :

सामान्यतया थोरै बार्षिक बजेट आउने यस गाउँपालिकामा भौतिक संम्रचना निमार्ण, मोटर बाटोका स्तर उन्नती, खानेपानी बिजुली आदीका समस्याहरु धेरै भएकाले सिमित बजेटबाट लैससास लक्षित बर्गलाई आवश्यक पर्ने बजेट बिनियोजन गर्न नसकिएको यर्थाथ अवस्थालाई हेर्दा संघिय र प्रदेश सरकारबाट नै बजेटको आकार बढाउने पर्ने अवस्था देखिन्छ । आधुनिक प्रबिधिको विकास संगै पालिकाले दिने सेवाहरुलाई प्रबिधिमैत्री बनाउदै लैजानु पर्ने आवश्यक्ता छ । लैससास लक्षित बर्गहरु सबै भन्दा धेरै कृषि पेशामा आवद्ध भएकाले कृषिलाई प्रबिधिसँग जोड्न, जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भक्त उपलब्ध गराउन, नागकिहरुलाई स्थानीय

सरकारका सूचनाहरु सहज पुऱ्याउन, अशक्तहरुलाई प्रबिधिका माध्यमबाट सहजता दिलाउन आवश्यक छ । स्रोत साधानको बिश्लेषण गर्दा पालिको बिद्यमान क्षमता र आबश्यक सुधार र विकासका कार्यहरु निम्न अनुसार गर्नु पर्ने देखिन्छ ।

बिद्यमान अबस्था	के अभाव छ	सुधारका लागि गर्नु पर्ने काम
आर्थिक स्रोत	संघीय र प्रदेश सरकारको भर पर्नु पर्ने	आन्तरिक स्रोत बढाउँनु पर्ने
सतहि कार्ययोजना	ज्ञान, सीप मा पर्याप्तता नहुनु	दिर्घकालिन र अल्पकालिन प्याकेज बनाइ क्षेमता विकास को कार्य गर्नु पर्ने
दक्ष मानव स्रोतको अभाव	यस विषयमा काम गर्न सक्ने आन्तरिक तथा बाह्य स्रोत व्यक्तिहरुको पहिचान नुहुनु	रोष्टर तयार गरी आबश्यकता अनुसार दक्ष मानवस्रोत परिचालन गर्नु पर्ने
साझेदारीता	देशि तथा बिदेशी दातृ निकायको उपस्थिती कम	देशी तथा बिदेशी दातृनिकायहरु संग साझेदारीता अभिबृद्धि गर्नु पर्ने
न्युन सहकारी संस्थाहरु	सहकारी र बित्तिय संस्थाहरु संग साझेदारीताको स्पष्टता नभएको	सहकारी र बित्तिय तथा बैंकिङ्ग साझेदारिता पनि अभिबृद्धि गर्नु पर्ने
शैक्षिक संस्थाहरुको परिचालन गर्न उपलव्ध संस्थाहरु रहेको	के कामका लागि परिचालन गर्ने र कसरी भन्ने फ्रेमवर्क नभएको	बिद्यालय, कलेज र प्राबिधिक शिक्षालयका शिक्षक र बिद्यार्थिहरु को परिचालन गर्न सकिने

लैससासको सवाल आफैमा बिस्तृत भएकाले यसका बिभिन्न आयामहरुलाई अगाडी बढाउन लक्षित बर्ग तथा समुदायका नागरिकहरुलाई शसक्तिकरण गर्नु पर्ने अवस्था छ । यसका लागि यस गाउँपालिकमा यसका बिज्ञ वा स्रोत व्यक्तिहरुको अभाव रहेको छ ।

बिभिन्न कानुन तथा नियमहरु निर्माण गरी पालिकाले बिभिन्न विकास तथा समाजिक सुधारका कार्यहरु गरिहरेको छ । खासगरी लैससास केन्द्रित नीति नियम बनेको पाइदैन । सभन्दा पहिला लैससासनीति र रणनीति तर्जूमा हुन आबश्यक छ । संगै संगै पालिकाको क्षमता विकास योजना बनाइ लैससासलक्षित कार्यक्रमहरु निर्धारण गरी काम गर्न आबश्यक छ । पालिकामा प्राप्त हुने अनुदान न्युन हुने, आन्तरिक आयका स्रोत नहुने र बिकास साझेदारहरु संग सहकार्यको उचित

वातावरण समेत नबनेको हुँदा यस तर्फ पालिकाले योजना बनाएरै काम गर्नु पर्ने टड्कारो आबश्यकता देखिन्छ ।

३.६.लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली :

धुर्कोट गाउँपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैंङ्गिक तथा सामाजिक समावेशीकरण उद्देश्यहरुले निर्दिष्ट गरेका रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक प्रतिबेदनमा समाबेश गरिनेछ । लैंङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा समेत वार्षिक लेखाजोखा गरिनेछ । गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र सकारात्मक प्रयासहरू कार्यान्वयन भएन भएको नियमित अनुगमन गरी बार्षिक समिक्षा गरिनेछ । बार्षिक प्रगतीका विषयमा समिक्षा गरी सुझावका आधारमा आगामी कार्यदिशा तय गरिने छ ।

गाउँपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा निर्देशन गर्न देहायब मोजिमका व्यक्ति वा निकायको प्रतिनिधित्व रहने लैससास नीति अनुगमन तथा निर्देशन समिति गठन गरी राष्ट्रिय नीतिमा आधारित रही कार्यविवरण तोकीएको छ ।

३.६.१. लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।

१	गाउँ पालिकाका अध्यक्ष	संयोजक
२	गाउँ पालिकाका उपाध्यक्ष	सह संयोजक
३	प्रमुख प्रशासकिय अधिकृत	सदस्य
४	गाउँपालिका स्तरीय लक्षित समुदायहरुको सञ्जाल मध्येबाट गाउँ कार्यपालिकाले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित ३ जना प्रतिनिधी	सदस्य
५	महिला बालबालिका शाखा प्रमुख	सदस्य सचिव

३.६.२.लैससास अनुगमन तथा निर्देशन समितिको कामकर्तव्य र अधिकार

क) अनुगमन तथा निर्देशन समितिको बैठक वार्षिक रुपमा कम्तीमा २ पटक बस्नेछ ।

ख) सरोकारवालाको सहभागितामा बार्षिक रुपमा प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि गाउँ कार्यपालिकामा पेश गर्ने ।

ग) स्थानीय नीति, रणनीति, कानुन तथा योजनाहरुको नियमित अनुगमन तथा पुनरावलोकन गरी लैंङ्गिकमैत्री बनाउन आवश्यक समन्वय तथा निर्देशन गर्ने ।

घ) लैंङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरीएका नीति, योजना तथा कार्यक्रमको नियमित अनुगमन गरी लैंङ्गिक तथा समावेशी सहभागिता अभिबृद्धि गर्न निर्देशन गर्ने ।

ङ) महिला, किशोरी तथा बालिकाहरुको सामाजिक तथा आर्थिक विकासका बाधक वा बिभेद युक्त संरचनात्मक अवरोधहरु हटाउने खालका कार्यक्रम संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

च) लैंङ्गिक बिभेद, लैंकि हिंसा र विभिन्न खाले शोषण र बिभेद वा दुर्व्यवहारहरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

छ) लैंससास उत्तरदायी शासन पद्धती अवलम्वन र खण्डिकृत बिद्युतिय सूचना प्रणालीलाई व्यवस्थित गर्न अभिप्रेरीत गर्ने

ज) लैंङ्गिक हिंसा, लैंङ्गिक बिभेद, यौन जन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिलाकिशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनः स्थापन र अल्पकालिन सेवा केन्द्र संचालन सम्बन्धी योजना तथा कार्यक्रम तय गर्न निर्देशन गर्ने ।

झ) महिला, अपांगता भएका व्यक्ति, दलित लगायत सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति समुदायहरुको आर्थिक शसक्तिकरणका योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँ पालिकाका सम्बन्धित संयन्त्र तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय तथा निर्देश गर्ने ।

३.६.३. वडास्तरको लैससास अनुगमन तथा निर्देशन उप समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।

क)	वडा अध्यक्ष	संयोजक
ख)	वडा समितिका सबै सदस्यहरु	सदस्य
घ)	वडास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जनाप्रतिनिधी	सदस्य
घ)	वडा बाल संजालको अध्यक्ष	सदस्य
ङ)	वडा सचिव	सदस्य सचिव

३.६.४. निर्देशन तथा अनुगमन उपसमितिको कामकर्तब्य र अधिकार

क) योजना तथा बजेट तर्जुमा चरणमा विपन्न तथा बञ्चित ब्यक्ति समुदायलाई सहभागी गराउन सरोकारवाला तथा नागरिक समाज सँग समन्वय र सहकार्य गर्ने,

ख) वडा तहको खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

ग) योजना कार्यावयनमा लैंङ्गिक तथा समाबेशी सहभागिता बृद्धि गर्न नियमित अनुगमन गरी आबश्यक निर्देशन गर्ने ।

घ) वडा स्तरमा योजनाको कार्यान्वयनमा प्रभाव कारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मूल्याङ्कनन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनवाई गर्ने, गराउने र लैससास लेखाजोखा गर्ने ।

ङ) वडा भित्रका महिला, बालबालिका लगायत बञ्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवंम् विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत गर्ने,

च) वडा स्तरमा लैससास सम्बन्धी कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

छ) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने ।

झ) यस रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।

३.६.५. लैससास रणनीतिको पुनरावलोकन :

तिनाउगाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीति २०७८ लाई आवश्यकता अनुसार समय सापेक्षित विषयहरुमा पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।

३.७. सम्भावित जोखिम तथा न्यूनिकरणका उपपायहरु :

लैससास रणनीति बिकास प्रयास, सुशासन, दीगो बिकासका लागि बिश्वव्या पीरुपमा अंगिकार गरिएको क्रसकटिंग सवाल हो । यो बिषय विभिन्न बिषयगत क्षेत्रसंग अन्तर सम्बन्धित छ । यो

बिषय बहुसरोकारको क्षेत्र भएको हुँदा सबैको सहभागिता र प्रयासमा मात्र यस सम्बन्धमा उत्पन्न समस्याको हल गर्न सकिन्छ र जोखिमहरुलाइ न्युनिरकण गर्न सकिन्छ । अभिमुखिकरणको निस्कर्ष अनुसार याहाँ केही सम्भावित जोखिम र जोखिम न्युनिकरण गर्न सकिने उपायहरु बारे उल्लेख गरिएको छ ।

खण्डिकृत तथ्याङ्क तथा सूचनाहरुको आधारमा योजना र कार्यक्रमहरु तयार हुननसक्नु ।	▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने ।
टोलबस्ती तथा वडा स्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा पर्न नसक्नु ।	▪ लक्षित बर्ग समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने । ▪ योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।
लैससास रणनीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानबस्रोतको कमी हुन सक्नु ।	गाउँपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानवस्रोतको उत्पादन तथा परिचालन गर्ने ।
लैससास नीतिमा उल्लेखित प्राबधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्ने ।	▪ गाउँपालिकाको स्रोत परिचालनमा न्यायिक बितरण प्रणालीको अवलम्बन गर्ने । ▪ वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने । ▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य बृद्धि गर्ने ।
गाउँपालिका लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव हुन सक्नु ।	लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने ।
वन्चितीकरणमा परेका वर्ग तथा क्षेत्रको आर्थिक सशक्तिकरण हुननसक्नु ।	▪ उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित बर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने । ▪ लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने
सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले	▪ लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्धता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमितामा राख्न

जस्तो तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमितामा पर्न नसक्नु ।	नीतिगत व्यवस्था गर्ने । ▪ लैंगिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्पयलाई प्रभावकारी बनाउने ।
स्थानीय स्रोत तथा लाभ र अवसरहरुमा लैंगिक तथा समावेशी पहुँच कम हुन सक्नु ।	योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाई सुधारका पक्षहरु औल्याई कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई सुझाव सहित निर्देशन गर्ने ।
गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपता हुन नसक्नु ।	▪ सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणा बारे समान बुझाई बनाउने । ▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने ।

३.८.नीतिको पुनरावलोकन तथा सुधार

तिनाउगाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीति २०७८ लाई आवश्यकता अनुसार समसामयिक विषयहरुमा पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।